# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन


| वर्ष २३, अङ्क १० | २०७१, भदौ १६–३१ | पूर्णाङ्क ५३२ |
|---|---|---|





प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं



फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

**माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत - अध्यक्ष**
**माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत - सदस्य**
**नायव महान्यायाधिवक्ता श्री राजनारायण पाठक, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय - सदस्य**
**अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन - सदस्य**
**अधिवक्ता श्री अरविन्द कुमार सिंह, प्रतिनिधि, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य**
**निर्देशक प्रा.डा.श्री युवराज संग्रौला, प्रतिनिधि, काठमाडौं स्कुल अफ ल - सदस्य**
**सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत - सदस्य सचिव**

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री ढाकाराम पौडेल
शाखा अधिकृत श्री राजन बास्तोला
ना.सु.श्री कृष्णबहादुर गुरुङ
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**बिक्री शाखामा कार्यरत् कर्मचारीहरू**

डि.श्री नरबहादुर खत्री
कार्यालय सहयोगी श्री विदुरप्रसाद सापकोटा

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री गीता न्यौपाने
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मिस्त्री श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
अफसेट प्रेसम्यान श्री सोभा सिग्देल
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भै यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष | ३ |
| संयुक्त | ९ |
| इजलास नं. १ | ५ |
| इजलास नं. २ | २० |
| इजलास नं. ३ | १ |
| इजलास नं. ४ | १ |
| इजलास नं. ५ | ७ |
| इजलास नं. ६ | ११ |
| इजलास नं. ८ | ३ |
| इजलास नं. ९ | ५ |
| एकल इजलास | ६ |
| रीत/बेरीत आदेश | ७ |
| अन्तरिम आदेश | ५ |
| जम्मा | ८३ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसंग्रह

## विषयगत आधारमा

### वर्गीकृत

### एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रु.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, सर्वोच्च अदालत एनेक्स भवन
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन


यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७१, भदौ – १, पृष्ठ १०

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवं अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजूरी र सुझाव भए सर्वोच्च अदालत, प्रधान न्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

१६६०—०१—३३३—५५

वा

**इमेल ठेगाना**

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

# विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | **१** |
| १. | उत्प्रेषण | सनिराज श्रेष्ठसमेत वि. नेपाल राष्ट्र बैङ्क, बालुवाटारसमेत | |
| २. | उत्प्रेषण | चन्द्रलाल श्रेष्ठ वि. कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयसमेत | |
| ३. | उत्प्रेषण | कुसुम साखसमेत वि. राष्ट्रपतिको कार्यालय, शीतल निवाससमेत | |
| ४. | उत्प्रेषण परमादेश | गम्भीरप्रसाद यादव भन्ने गम्भीरा राउत अहिर वि. जिल्ला शिक्षा कार्यालय, बारासमेत | |
| **संयुक्त इजलास** | | | **२-६** |
| ५. | उत्प्रेषण परमादेश | ध्रुवराज थापा वि. सजनराम भण्डारीसमेत | |
| ६. | उत्प्रेषण परमादेश | भाइराम खड्के वि. ज्ञानु बैद्यसमेत | |
| ७. | सम्बन्ध बिच्छेद | उद्धवकुमार कार्की वि. गङ्गाकुमारी रेग्मी (कार्की) | |
| ८. | अदालतको अवहेलना | श्यामादेवी मिश्र वि. जिल्ला प्रशासन कार्यालय, सप्तरीसमेत | |
| ९. | वैदेशिक रोजगार ठगी | शिवप्रसाद गौतम वि. नेपाल सरकार | |
| १०. | अंश हक कायम मिलापत्र बदर | हरि साह तेली वि. रेखा साह तेली | |
| ११. | मोही नामसारी | पोखनराय यादव वि. त्रिवेणीराम रविदाससमेत | |
| १२. | मोही लगत कट्टा | सीताराम चौधरी वि. टिरू चौधरी | |
| १३. | मोही लगत कट्टा | जियछी भेडिहरनीसमेत वि. रामानन्दप्रसाद भेडिहरसमेत | |
| **इजलास नं. १** | | | **६-७** |
| १४. | उपयुक्त आदेश जारी गरिपाउँ | विराट थापा वि. नेपाल बङ्गलादेश बैङ्क लि. प्रधान कार्यालय, बिजुलीबजार, काठमाडौं | |
| **इजलास नं. २** | | | **७-१८** |
| १५. | उत्प्रेषण परमादेश | तीर्थबहादुर तामाङ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत | |
| १६. | उत्प्रेषण परमादेश | ज्ञानबहादुर बेघा वि. नापी कार्यालय, पाँचथर फीदीमसमेत | |
| १७. | उत्प्रेषण परमादेश | राजकिशोर साह वि. श्रीराम सुगर मिल्स लिमिटेडसमेत | |
| १८. | उत्प्रेषण परमादेश | चनकराम थारू वि. बर्दिया राष्ट्रिय निकुञ्ज, बर्दियासमेत | |
| १९. | परमादेश | विश्वजीत तिवारी वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत | |
| २०. | उत्प्रेषण परमादेश | करूणा महर्जन वि. स्वेताकुमारी सिरोहियासमेत | |
| २१. | उत्प्रेषण परमादेश | खुमराज पुञ्जाली वि. काष्ठमण्डप डेभलपमेन्ट बैङ्क लि., के.का. न्यूरोड | |
| २२. | निषेधाज्ञा | बोधराज सेढाइसमेत वि. जि.प्र.का. बबरमहलसमेत | |
| २३. | बन्दी प्रत्यक्षीकरण | रोशन श्रेष्ठ वि. केन्द्रीय अनुसन्धान ब्युरो, काठमाडौंसमेत | |
| २४. | बन्दी प्रत्यक्षीकरण | दिनेशराज सेढाई वि. उषा अधिकारीसमेत | |
| २५. | उत्प्रेषण परमादेश | लेखनाथ भट्टराई वि. लोकसेवा आयोग, अनामनगरसमेत | |
| २६. | निषेधाज्ञा | हरिप्रकाश बुढाथोकी वि. शम्भुप्रसाद चौधरीसमेत | |

| | | |
|---|---|---|
| २७. | बाटो कायम गरिपाउँ | केशव पुरी वि. किरण रिमालसमेत |
| २८. | जग्गा खिचोला चलन | कालुराम भण्डारी वि. जगतबहादुर अधिकारी |
| २९. | मोही कायम | महेन्द्रनाथ उपाध्याय वि. माइला नकर्मी |
| ३०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. जयन्तराज पन्त |
| ३१. | उत्प्रेषण परमादेश | शीला के.सी. वि. ईदरीश मोहम्मद मुसलमानसमेत |
| ३२. | उत्प्रेषण परमादेश | रामलाल सुतिहार वि. शिक्षा मन्त्रालयसमेत |
| ३३. | उत्प्रेषण | एसबी नायर वि. मध्यस्थ समितिको कार्यालय, बुटवलसमेत |
| ३४. | भ्रष्टाचार | नेपाल सरकार वि. गणेश अर्यालसमेत |
| **इजलास नं. ३** | | १८ |
| ३५. | छुट जग्गा दर्ता गरिपाउँ | आशाकाजी महर्जनसमेत वि. सूर्यबहादुर बोहोरा |
| **इजलास नं. ४** | | १८-१९ |
| ३६. | निषेधाज्ञा | रामनारायण साह वि. सुरेश साह तेलीसमेत |
| **इजलास नं. ५** | | १९-२२ |
| ३७. | उत्प्रेषण | डा. तारा मानन्धर वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत |
| ३८. | उत्प्रेषण परमादेश | डा. डम्बर खड्का वि. लोकसेवा आयोग, के.का.समेत |
| ३९. | उत्प्रेषण | भीमसिंह महरा वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत |
| ४०. | सवारी ज्यान | कृष्णबहादुर कुंवरसमेत वि. नेपाल सरकार |
| ४१. | बन्दी प्रत्यक्षीकरण | जयनारायण मण्डल वि. पु.वे.अ. राजविराजसमेत |
| ४२. | कर्तव्य ज्यान | नरेन्द्र सिंह धामी वि. नेपाल सरकार |
| ४३. | जबर्जस्ती करणी | यादव गिरी वि. नेपाल सरकार |
| **इजलास नं. ६** | | २२-२६ |
| ४४. | बन्दी प्रत्यक्षीकरण | राममायाँ के.सी. वि. गीता भट्टराईसमेत |
| ४५. | केही सार्वजनिक अपराध | नेपाल सरकार वि. पदमबहादुर कार्की |
| ४६. | अदालतको अवहेलना | बद्रीप्रसाद शर्मा उपाध्याय वि. जि.वि.स.को कार्यालय, बागलुङसमेत |
| ४७. | परमादेश | सुनिल रजन सिंहसमेत वि. न्याय परिषद्समेत |
| ४८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. फत्तबहादुर घर्ती |
| ४९. | अदालतको अवहेलना | सुनिलकुमार यादव वि. शङ्कर पाण्डेसमेत |
| ५०. | भ्रष्टाचार | अकलबहादुर शाही वि. नेपाल सरकार |
| ५१. | भ्रष्टाचार | जनकबहादुर शाही वि. नेपाल सरकार |
| ५२. | जबर्जस्ती करणी | नेपाल सरकार वि. रामबहादुर कार्की |
| ५३. | कर्तव्य ज्यान | चक्रबहादुर डाँगी वि. नेपाल सरकार |
| ५४. | बन्दी प्रत्यक्षीकरण | राजकुमार कार्की वि. कारागार कार्यालय, झापासमेत |
| **इजलास नं. ८** | | २६-२७ |
| ५५. | अबन्डा जग्गा बन्डा गरिपाउँ | हेमलाल खोसीसमेत वि. मेनका खोसी |
| ५६. | खिचोला मेटाइ निजी गुठी हक कायम | चुँडामणि शाक्यसमेत वि. हेमलाल खोसीसमेत |

| | | | |
|---|---|---|---|
| ५७. | उत्प्रेषण परमादेश | सैनी उरामन वि. भूमिसुधार कार्यालय, मोरङसमेत | |
| **इजलास नं. ९** | | | २७-३० |
| ५८. | अंश | देवकुमारी गिरी वि. लालबहादुर गिरी | |
| ५९. | उत्प्रेषण | रामविलास महतो कोइरी वि. कृषि विकास मन्त्रालयसमेत | |
| ६०. | नकबजनी चोरी | नेपाल सरकार वि. भुनचुन भन्ने रोशन दास तत्मासमेत | |
| ६१. | परमादेश | देवीप्रसाद अधिकारी वि. जि.प्र.का., झापासमेत | |
| ६२. | कर्तव्य ज्यान | लक्ष्मी फुँयाल वि. नेपाल सरकार | |
| **एकल इजलास** | | | ३०-३२ |
| ६३. | उत्प्रेषण | खिमान सिंह बस्नेत वि. सार्वजनिक खरिद पुनरावलोकन समिति, ताहाचलसमेत | |
| ६४. | परमादेश | सल्लु तिवारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | |
| ६५. | उत्प्रेषण | किशोर महर्जन वि. कृष्ण महर्जनसमेत | |
| ६६. | उत्प्रेषण | रेवन्ता शाह सिंह ठकुरी वि. टिकाबहादुर सिंह ठकुरीसमेत | |
| ६७. | परमादेश | मनोहर साहसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ६८. | उत्प्रेषण | रामप्रसाद गजुरेल वि. मालपोत कार्यालय, डिल्लीबजारसमेत | |
| **रीत/बेरीत आदेश** | | | ३२-३४ |
| ६९. | जबर्जस्ती करणी | नेपाल सरकार वि. नागेन्द्रकुमार चौधरी | |
| ७०. | लागु औषध | नेपाल सरकार वि. विनोद साह | |
| ७१. | झुट्टा विवरण पेश गरी नागरिकता लिएको | नेपाल सरकार वि. मुन्नाप्रसाद सोनी | |
| ७२. | लागु औषध | नेपाल सरकार वि. सञ्जयकुमार महतोसमेत | |
| ७३. | लागु औषध | प्रदीप श्रेष्ठ वि. नेपाल सरकार | |
| ७४. | कर्तव्य ज्यान | रीतादेवी मण्डल वि. नेपाल सरकार | |
| ७५. | सङ्गठित अपराध | थानेश्वर थापा वि. नेपाल सरकार | |
| **अन्तरिम आदेश** | | | ३४-३६ |
| ७६. | उत्प्रेषण | कौशल सिलवालसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ७७. | उत्प्रेषण | जवाहिर खाँ पैठान वि. पुनरावेदन अदालत, हेटौंडासमेत | |
| ७८. | उत्प्रेषण | नानीराम हुमागाई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ७९. | उत्प्रेषण | कुसुमलता गुप्ता वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत | |
| ८०. | उत्प्रेषण | रतिशचन्द्रलाल सुमन वि. अ.दु.अ.आ., टङ्गालसमेत | |

**सर्वोच्च अदालतका नियमित प्रकाशनहरू**

- सर्वोच्च अदालत बुलेटिन (पाक्षिक)
- नेपाल कानून पत्रिका (मासिक)
- विषयगत नजीर संग्रह, २०६३
- विषयगत नजीर संग्रह, २०६६
- विषयगत नजीर सारसङ्क्षेप सङ्कलन, २०६९ (२०१५ सालदेखि २०६९ असोज अङ्कसम्म)

  भाग १ : संवैधानिक कानून
  भाग २ : सार्वजनिक सरोकार
  भाग ३ : मानव अधिकार तथा लैङ्गिक न्याय
  भाग ४ : देवानी कानूनः सम्पत्ति
  भाग ५ : देवानी कानूनः पारिवारिक
  भाग ६ : फौजदारी कानूनः सरकारवादी
  भाग ७ : फौजदारी कानूनः दुनियावादी
  भाग ८ : कार्यविधि कानूनः देवानी
  भाग ९ : कार्यविधि कानूनः फौजदारी
  भाग १० : उद्योग, वाणिज्य र कर
  भाग ११ : राष्ट्रसेवक कर्मचारी

- न्यायपालिकाको तेस्रो रणनीतिक योजना (आवधिक)
- सर्वोच्च अदालत वार्षिक प्रतिवेदन (वार्षिक)
- सर्वोच्च अदालतका केही निर्णयहरूको अङ्ग्रेजी अनुवाद (वार्षिक)
  - अङ्ग्रेजी अनुवाद २००३ (Volume I)
  - अङ्ग्रेजी अनुवाद २०१० (Volume II)
  - अङ्ग्रेजी अनुवाद २०११ (Volume III)
  - अङ्ग्रेजी अनुवाद २०१२ (Volume IV)
  - अङ्ग्रेजी अनुवाद २०१३ (Volume V)
- नेपाल कानून पत्रिका, ऐन कानून खण्ड 'क' (सनद, सवाल, रूक्का, आदेश, फुलकोर्टका निर्णयसमेत)
- अदालतसम्बन्धी नियमावली / निर्देशिका / न्यायाधीश आचारसंहिता
- टेवुल पात्रो (वार्षिक)

## विशेष इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** ०७०-WS-००२७, उत्प्रेषण, *सनिराज श्रेष्ठसमेत वि. नेपाल राष्ट्र बैङ्क केन्द्रीय कार्यालय, बालुवाटारसमेत*

नेपाल राष्ट्र बैङ्कद्वारा मिति २०७०।५।३० मा जारी गरिएको एकीकृत निर्देशनको पालनाको विषय समावेश भएको प्रस्तुत रिट निवेदनमा यस अदालतसमक्ष प्रस्तुत रिट निवेदन परेपछि ज्योति विकास बैङ्क लि. स्वतन्त्र कर्मचारी सङ्घबाट निवेदकहरू सनिराज श्रेष्ठ र शुक्र थुलुङले राजीनामा दिई सो राजीनामा स्वीकृत गरिएको मिति २०७०।८।७ गतेको पत्रको फोटोकपी मिसिलमा पेश गरेको देखिएको छ । यसबाट निवेदकहरूको जिकीर कायम नरही रिट निवेदनको प्रयोजन समाप्त भएको देखिएकोले रिट खारेज हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७१ साल जेठ १ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** ०७०-WS-००५२, उत्प्रेषण, *अधिवक्ता चन्द्रलाल श्रेष्ठ वि. कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयसमेत*

निवेदकले रिट निवेदन दायर गरी कारवाहीको क्रममा यस अदालतबाट मिति २०६९।१२।२० गतेका लागि तोकिएको तारिख निवेदकले गुजारेको मिसिलबाट देखिन्छ । लिखितजवाफबाट निवेदकको मागलाई विपक्षीबाट काउन्सिलले इन्कार गरेको देखिन्छ । निवेदकले निवेदनमा माग गरेको कुरा इजलाससमक्ष उपस्थित भै तर्कसङ्गत्रूपमा पुष्टि गर्नुपर्नेमा तारिख नै छाडेकाले निवेदकले निजको के कस्तो हक हनन् हुन गएको भन्ने प्रमाणित गर्न सकेको स्थिति देखिएन । निवेदकले तारिख छोडी बसेकोले निजले उठाएको सार्वजनिक सरोकारको प्रश्नको निराकरण हुन नसक्ने हुनाले रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७१ साल जेठ १ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-WS-००८३, उत्प्रेषण, *काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ११ थापाथलीस्थित महिला, कानून र विकास मञ्चको तर्फबाट र आफ्नै तर्फबाट कुसुम साखसमेत वि. राष्ट्रपतिको कार्यालय, शीतल निवाससमेत*

संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० बमोजिम संविधानसभाको निर्वाचन, २०७० साल मङ्सिर ४ गते सम्पन्न भइसकेको छ । निवेदकहरूले सार्वजनिक सरोकारअन्तर्गत महिला हक हितको प्रसङ्गमा संविधानसभा सदस्यमा महिलाको उम्मेद्वारी बढाइनुपर्दछ भन्ने माग राखेको अवस्था छ । निवेदकहरूले उल्लेख गरेको अध्यादेश हालै मिति २०७०।८।४ गतेको निर्वाचनपश्चात् गठन भएको चालु व्यवस्थापिका संसदसमक्ष पेश भैसकेको छ । निवेदकहरूले उठाएका समस्त विषयवस्तुमा सार्वभौम संसदका कानून निर्माता जनप्रतिनिधिहरूले छलफल गरी विचार हुने अवस्था रहेको छ । समाज, देश र समयको आवश्यकतानुसार मौलिकरूपमा कानून निर्माण र संशोधन गर्ने अङ्ग व्यवस्थापिका संसद हो । आवश्यकीय कानून निर्माता जनप्रतिनिधिहरू नै हुन् भन्ने मान्यता राखिन्छ । कुनै कानूनमा अस्पष्ट प्रावधानहरू रहेका छन् भने यस अदालतले

व्याख्यामार्फत् कानूनी सिद्धान्त प्रतिपादन गर्नसक्छ । तर सार्वभौम संसदसमक्ष विचाराधीन रहेको विषयमा हतार गरेर निवेदन मागका विषयमा यस अदालतबाट अहिले नै हस्तक्षेप गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल जेठ १ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०६७-WO-०३८३, उत्प्रेषण/परमादेश, *जलस्रोत मन्त्रालय सिंचाई विभाग र भैरहवा लुम्बिनी भूमिगत सिंचाई व्यवस्थापन डिभिजन नं. ६ सिद्धार्थनगर नगरको तर्फबाट ऐ. डिभिजन नं. ६ का प्रमुख ध्रुवराज थापा वि. एकल मध्यस्थ श्री सजनराम भण्डारीसमेत*

रिट निवेदक परियोजनाले नै सम्झौताबमोजिमको एल.सी. खोली दिई हदम्यादसम्बन्धमा स्पष्ट हुनुपर्नेमा सो गर्नसकेको देखिँदैन । यसका अतिरिक्त निवेदक परियोजनाको तर्फबाट मिति २०५१।६।१४ सम्ममा कार्य सम्पन्न गर्नु भनी मिति २०५१।६।९ मा विपक्षी कम्पनीलाई कार्य सम्पन्न गर्ने समय थप गरेको देखिन आउँछ । त्यस्तै विपक्षी कम्पनीले मिति २०५१।६।१३ मा कार्य सम्पन्न गरेको भनी रिट निवेदक परियोजनाको तर्फबाट मिति २०५१।८।२१ मा यी विपक्षी कम्पनीलाई प्रमाणपत्र दिइएको पाइन्छ । यसरी रिट निवेदक परियोजना र विपक्षी ठेकदार कम्पनीबीच भएको सम्झौताबमोजिमको कार्य सम्पन्न भएको भनी परियोजनाको तर्फबाट प्रमाणपत्र दिइसकेपछि सम्झौताबमोजिमको कार्य सम्पन्न भइसकेको मान्नुपर्ने हुन्छ । परियोजनाले तोकिदिएको समयावधिभित्रै विपक्षी कम्पनीले कार्य सम्पन्न गरेको भनी सोको प्रमाणपत्रसमेत पाएको अवस्थामा सम्झौतामा निर्धारित समयावधिभित्र कार्य सम्पन्न नभएको भन्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल कात्तिक २६ गते रोज ३ शुभम् ।

२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०७०-WO-०३१६, उत्प्रेषण/परमादेश, *भाइराम खड्के वि. ज्ञानु बैद्यसमेत*

"कुनै अदालत वा न्यायिक निकाय वा अधिकारीले कुनै निर्णय गर्दा जबसम्म सम्बन्धित पक्षलाई उसको विरूद्धमा निर्णय गर्नुपूर्व प्रतिरक्षा गर्ने वा सफाइ पेश गर्ने पूर्ण अवसर प्रदान गरेको हुँदैन यस्तो निर्णय प्राकृतिक न्यायको सिद्धान्तप्रतिकूल तथा बदरयोग्य हुने..." (रत्नकाजी महर्जन वि. अ.दु.अ.आ. समेत भएको *नेकाप* २०६९, अङ्क ८, नि.नं. ८८७१, पृ. ११९६) भनी सो मुद्दामा प्रतिपादित सिद्धान्तसमेतको आधारमा हेर्दा निवेदकको नाममा गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित उक्त सूचना र सोको आधारमा एकतर्फी सुनुवाइ गरी भएको काठमाडौं जिल्ला अदालतको मिति २०६९।१२।२७ गतेको फैसला रीतपूर्वकको मान्न नमिल्ने हुँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अतः मुलुकी ऐन, अदालती बन्दोवस्तको २०८ नं. बमोजिम फैसला भएको ६ महिनाभित्रै प्रतिउत्तर लिई उपस्थित भएका यी निवेदकको नाममा प्रकाशित उक्त सूचना म्यादलाई रीतपूर्वक तामेल भएको मानी सुनुवाइको मौका नदिई भएको काठमाडौं जिल्ला अदालतको मिति २०७०।२।३ को आदेश र उक्त आदेश सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।६।३ को आदेश उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

मुलुकी ऐन, अ.बं. २०८ नं. को म्यादभित्र प्रतिवादीले ल्याएको उक्त प्रतिउत्तरसरहको निवेदनपत्र रीतपूर्वक दर्ता गरी पुनः उक्त मुद्दाको पुर्पक्ष गर्नु भनी काठमाडौं जिल्ला अदालतको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७० साल माघ २६ गते रोज १ शुभम् ।

३

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०६९-CR-०२३३, सम्बन्ध बिच्छेद, *उद्धवकुमार कार्की वि. गङ्गाकुमारी रेग्मी (कार्की)*

प्रतिवादीले आफू दुईवटा नाबालक छोराछोरीका साथ पतिको घरमा बसेकी र जीवनयापनको लागि नोकरीसमेत गर्ने गरेको तथा आफू लोग्नेसँग मिलेर बस्न चाहेको भन्ने जिकीर लिएकोमा वादीले सो कुरा अन्यथा हो भन्न सकेको देखिँदैन । प्रतिवादीले शारीरिक र मानसिक कष्ट दिएको भन्ने वादीको कथन भए पनि कानूनले व्यवस्था गरेबमोजिमको कुनै ठूलो शारीरिक वा मानसिक कष्ट प्रतिवादीले वादीलाई दिएको भन्ने कुराको प्रमाण न त वादीको दावीमा उल्लेख छ, न त वादीतर्फका साक्षीहरूको बकपत्रमा उल्लेख छ । यस अवस्थामा कानूनले निर्धारण गरेको स्पष्ट आधारहरूको विद्यमानता नभई लोग्ने स्वास्नीबीचको सम्बन्ध बिच्छेद हुन नसक्ने हुँदा सम्बन्ध बिच्छेद गरिपाउँ भन्ने वादी दावी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला मनासिबै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल मङ्सिर २५ गते रोज ३ शुभम् ।

४

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०६८-CR-१२००, अदालतको अवहेलना, *श्यामादेवी मिश्र वि. जिल्ला प्रशासन कार्यालय, सप्तरीसमेत*

जिल्ला प्रशासन कार्यालयको लिखित जवाफ हेर्दा निवेदकले दावी लिएको विषय छानबिन र अनुसन्धानकै क्रममा रहेको, सम्बन्धित गा.वि.स. बाट सक्कल स्रेस्ता माग भई प्राप्त भएको स्थलगत छानबिन एवम् प्रतिवेदन पेश भएको लगायतका कामकारवाही भइरहेको भन्ने जिकीर रहेको देखिएकाले निवेदकले दावी लिएबमोजिम अदालतको आदेशानुसारको कामकारवाही नगरेको भन्न मिल्ने देखिन आएन । यस अवस्थामा पुनरावेदन अदालत, राजविराजले अदालतको अवहेलना गरेको भन्ने निवेदन दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०७० साल मङ्सिर २५ गते रोज ३ शुभम् ।

५

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०६७-CR-१२२०, वैदेशिक रोजगार ठगी, *शिवप्रसाद गौतम वि. नेपाल सरकार*

प्रतिवादी शिवप्रसाद गौतमले अनुसन्धानको क्रममा र वैदेशिक रोजगार न्यायाधिकरणमा समेत बयान गर्दा रू. ३० लाख नगद बुझेको कागज करकापसँग निजको इच्छाविपरीत गरेको भन्ने जिकीर लिएको देखिए पनि लिखतमा भएको सहीछाप आफ्नो भएको कुरा उक्त बयानमा स्वीकार गरेको देखिन्छ । उक्त रकम लिएको लिखतमा दुबै प्रतिवादीहरूको ल्याप्चे र हस्ताक्षरसमेत परेको देखिन्छ । प्रतिवादीले वैदेशिक रोजगारको व्यवसाय गर्न इजाजत पनि नलिएको र वैदेशिक रोजगारीमा पठाइदिने भनी नगद र राहदानीसमेत लिएको अवस्थामा यी प्रतिवादीहरू कसुरदार रहेनछन् भन्न नमिल्ने हुँदा प्रतिवादीहरूले वैदेशिक रोजगारी ऐन, २०६४ को दफा १० को कसुर गरेको भनी सोही ऐनको

दफा ४३ बमोजिम जनही बिगो रू.१५ लाख र सोको ५० प्रतिशतले हुन आउने हर्जानासमेत गरी जम्मा रू.४५ लाख रूपैयाँ प्रतिवादीहरूबाट जाहेरवालाले भराई लिन पाउने र सोही ऐनको दफा ४३ बमोजिम प्रतिवादीहरूलाई जनही रू.१ लाख ५० हजार जरीवाना र १ वर्ष ६ महिना कैदसमेत हुने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६७।५।२० मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

इति संवत् २०७० साल मङ्सिर २५ गते रोज ३ शुभम् ।

६

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०६६-CI-११६८, ०६७-CI-००२३, अंश हक कायम मिलापत्र बदर, *हरि साह तेली वि. रेखा साह तेली, हरूनी साह तेली वि. रेखा साह तेली*

वादीले दावी गरेको कि.नं.१२ को जग्गा मिति २०२२।११।२० मा सर्भे नापी हुँदा यी वादी र प्रतिवादी रामस्वरूपका बाबु धुर साहको नाउँमा भोग चलनमा रहेको फिल्डबुक उतारको प्रतिलिपिबाट देखिन्छ । फिल्डबुकको कैफियतमा यो जग्गा सरकारी ऐलानी हो, यसमा धुर साह तेलीले घर बनाई बसेको छु भन्ने जनिएको देखिन्छ । मिति २०३९।१०।२४ मा यी वादी प्रतिवादीबीच भएको मिलापत्रमा कि.नं.१२ को जग्गाको सम्बन्धमा केही उल्लेख छैन । यी वादी प्रतिवादीका बाबु धुर साहका नाउँको ऐलानी जग्गा सम्बन्धमा मिलापत्रमा केही उल्लेख नभएकै कारणले वादीले सो जग्गाबाट अंश हक प्राप्त नगर्ने भन्न मिल्दैन । कि.नं.१२ को जग्गा बन्डा भइसकेको भन्ने नदेखिएको स्थितिमा प्रतिवादीहरूको मात्र हक लाग्ने भन्ने हुँदैन । सुरू अदालतबाट मिति २०६४।५।२२ मा भएको सर्जमिन मुचुल्कामा पनि कि.नं.१२ को जग्गामा वादी प्रतिवादी दुबैको भोग रहेको भन्ने व्यहोरा उल्लेख भएको देखिन आउँछ । वादीले कि.नं.१२ को ०-०-७ पूरै जग्गा दावी नलिई उक्त जग्गामध्ये ०-०-२ धुर जग्गामा आफूले घर बनाई बसोबास गरेको भन्नेसम्म दावी भएको स्थितिमा यी वादीलाई आफ्नो पैतृक सम्पत्तिको भोगाधिकारबाट वञ्चित गर्न मिल्ने हुँदैन । यस अवस्थामा सुरू फैसला उल्टी गरी वादी दावी पुग्ने ठहर्‍याएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६६।१०।१७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

इति संवत् २०७० साल मङ्सिर २५ गते रोज ३ शुभम् ।

७

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CI-०३९४, मोही नामसारी, *पोखनराय यादव वि. त्रिवेणीराम रविदाससमेत*

वादीको बाबु कृष्ण रायले साविक जग्गाधनी बद्रीनारायण श्रेष्ठलाई मोही हक छाडी दिएकोले निजका नाउँको मोही लगत कट्टा भैसकेको, जग्गाधनी बद्रीनारायण श्रेष्ठले प्रतिवादी दुखा महरा चमारका नाममा र.नं. ३५८९ मिति २०३१।२।३ मा रजिस्ट्रेसन गरी दिएअनुसार सो जग्गा यी प्रतिवादीहरूको एकलौटी हकभोग कायम रहेको र मिति २०५५।१२।१२ मा हामी प्रतिवादीहरूबीच अंशबन्डा पारीत गरी भोग चलन गरी आएका छौं भन्ने प्रतिउत्तर जिकीरबाट देखिएको अवस्थामा निजको नाउँको मोही लगत कट्टा भैसकेको हो होइन र भए के कति जग्गाको लगत कट्टा भएको हो सो सम्बन्धमा सुरू भूमिसुधार कार्यालयबाट बुझी सो व्यहोरा उक्त निर्णयमा खुल्नुपर्नेमा सो खुलेको पाइएन भने अर्कोतर्फ साविक मोहीको मृत्युपश्चात निजका छोरा बुहारीहरू समेतले मोही नामसारी गरिपाउँ भन्ने पृथकपृथक दावी गरेको अवस्थामा

कानूनमा व्यवस्था भएबमोजिम वास्तविक मोही को हो भन्ने सम्बन्धमा प्रमाण बुझी आवश्यक परे जग्गाधनीसमेतलाई झिकाई कानूनमा भएको व्यवस्थाबमोजिम जग्गावालाले पत्याएको व्यक्तिलाई मोही कायम गरी निर्णय गर्नुपर्नेमा कानूनद्वारा निर्धारित त्यस्तो कार्यविधिको पालना गरी निर्णय गर्नुपर्नेमा सुरू भूमिसुधार कार्यालयबाट सोको पालना भए गरेको नदेखिँदा पोखन राय यादवको दावीको आधारमा निजको नाउँमा मोही नामसारी हुने ठहर्‍याई भएको सुरू भूमिसुधार कार्यालयको निर्णय त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी पुनः दावीको जग्गा विधिवत्‌रूपमा साविक मोहीले छोडपत्र गरेको हो होइन ? नभए हाल वास्तविक मोही को हो भन्ने सम्बन्धमा प्रमाण बुझी आवश्यक परे जग्गाधनीसमेतलाई झिकाई कानूनमा भएको व्यवस्थाबमोजिम जग्गावालाले पत्याएको व्यक्तिलाई मोही कायम गरी निर्णय गर्नु भनी सुरू भूमिसुधार कार्यालय, रौतहटमा पठाई दिने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।२।९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल भदौ ७ गते रोज ६ शुभम् ।

८

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CI-०४५७, मोही लगत कट्टा, *सीताराम चौधरी वि. टिरू चौधरी*

मोहीले कानूनबमोजिम बुझाउनुपर्ने कुत नबुझाएमा जग्गाधनीले पनि कानूनबमोजिम बाली भरी पाउन दावी गर्नसक्ने हुँदा मोहीले बाली बुझाएको प्रमाण दिन नसक्दैमा बाली नबुझाएको भनी मोही निष्काशनको आधार बनाउन हुँदैन । त्यसमा पनि यो ऐन प्रारम्भ भैसकेपछि कुत नदिएको आधारमा मोहीलाई मोही हकबाट वञ्चित गर्ने सो ऐनको मनसाय नभएको र यसै सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको पूर्ण इजलासबाट लोकनाथ उपाध्याय वि. देवीमाया भट्टराईसमेत, भूमिसम्बन्धी नजीर पहिलो भाग २०६२, अङ्क १२, पृष्ठ ३८० को मुद्दामा "मोही लागेको जग्गामध्ये आधा जग्गामा विधिवत्‌रूपमा कायम भएको मोहीलाई निजले कमाई आएको जग्गामा रहेको मोहियानी हक समाप्त गरी निजलाई त्यस्तो जग्गाको मालिक बनाउने विधायिकी सारभूत उद्देश्यलाई नै परास्त (dilute) गर्ने गरी भूमिसम्बन्धी (चौथो संशोधन) ऐन, २०५३ लागू भएपछिको अवस्थामा मोहीले बाली नबुझाएको भन्ने आधारमा ऐनको दफा २९ बमोजिम मोही निष्काशन हुन्छ भन्नु मुनासिब नहुने" भनी सिद्धान्त प्रतिपादनसमेत भैसकेको देखिँदा कानूनबमोजिम स्थापित मोहीलाई निजको मृत्युपश्चात् निजको छोरा पुनरावेदक प्रतिवादी टीरू चौधरीलाई मोहीमा पत्याइसकेपछि जोतकोड नगरेको र कुत नतिरेको भन्नेसम्मका आधारमा मोही हकको लगत कट्टा गर्ने अधिकार भूमिसम्बन्धी ऐनले दिएको नदेखिँदा मोही लगत कट्टा गर्ने गरेको भूमिसुधार कार्यालय, सुनसरीको मिति२०६६।७।२४ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।१२।३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः ईश्वर पराजुली

इति संवत् २०७० साल भदौ ७ गते रोज ६ शुभम् ।

९

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-०९९७, घरबारी जग्गाको मोही लगत कट्टा, *जियछी भेडिहरनीसमेत वि. रामानन्दप्रसाद भेडिहरसमेत*

मोहीको १ नं. लगत भरेको, ४ नं. जोताहाको अस्थायी निस्सा प्राप्त गरेको र मोहियानी हकको प्रमाणपत्रसमेत प्राप्त भैसकेको देखिँदा घरबारीको जग्गा भए मोही हक प्राप्त गर्नुपूर्व

फिल्डबुकलगायतमा जनिएको मोही लगत कट्टा गर्न मोहीको प्रमाणपत्र पाउनुपूर्व नै सम्बन्धित निकायमा उजूर गरी त्यस्तो लगत बदर गराउनु पर्नेमा वादीबाट सो भए गरेको देखिएन । मोही स्वीकार गरेर बसेको र यति लामो समयपछि मात्र आएर फिल्डबुकमा बाँस जनिएको आधारमा घरबासको जग्गा हो भनी ऐनबमोजिम कायम भैसकेको मोहीलाई अन्यथा भन्न मिल्ने अवस्था देखिएन । त्यसमा पनि २०५३ सालमा भएको भूमिसम्बन्धी ऐन, २०२१ को चौथो संशोधनबाट मोहीलाई कानूनीरूपमा नै जग्गाको आधा हिस्सेदार कायम गरिसकेको अवस्थामा यो वा त्यो बहानामा दर्तावाल मोहीलाई मोही हकबाट वञ्चित गर्न मिल्ने अवस्था हुँदैन । त्यसरी साविकदेखि नै मोही जनिएको र मोहीले मोहिको हैसियतले भोग गरिरहेको कुरालाई अनदेखा गर्ने गरी घरबारीको जग्गा भएकोले मोही हक प्राप्त हुँदैन भनी कानूनी हकमा समेत आघात पर्ने गरी अन्यथा भन्न मिल्ने नदेखिने हुँदा पुनरावेदकका बाबु रौदी राउत भेडिहर उक्त जग्गाको मोही रहेको देखिएको, १ नं. लगत भर्नुको साथै ४ नं. जोताहाको अस्थायी निस्सा प्राप्त गरेको र मोहियानी हकको प्रमाणपत्रसमेत प्राप्त भैसकेको अवस्थामा सुरू भूमिसुधार कार्यालय, बाराबाट भएको निर्णय उल्टी गरी मोही लगत यथावत् कायम हुने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।१०।१७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः ईश्वर पराजुली

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल भदौ ७ गते रोज ६ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६७-CI-१५९१, उपयुक्त आदेश जारी गरिपाउँ, *काठमाडौं जिल्ला बूढानीलकण्ठस्थित विराट लेदर इन्डस्ट्रिज प्रा. लि.को तर्फबाट अधिकारप्राप्त विराट थापा वि. नेपाल बङ्गलादेश बैङ्क लि. प्रधान कार्यालय, बिजुलीबजार, काठमाडौंसमेत*

पुनरावेदन अदालत, पाटनबाट भएको करार ऐन, २०५६ को दफा ८७(१)(२) अन्तर्गतको उक्त आदेश अन्तरकालीन आदेश भएको र सोबमोजिम आदेश जारी गर्न अदालतले इन्कार गरेको अवस्थामा सो आदेशउपर पुनरावेदन लाग्ने व्यवस्था उक्त करार ऐन, २०५६ मा भएको पाइँदैन । अन्तरकालीन आदेशउपर पुनरावेदन लाग्ने सिद्धान्त र प्रचलन पनि छैन । त्यस्तो अन्तर्कालीन आदेशउपर पुनरावेदन सुन्ने अदालतमा मुलुकी ऐन, अ.बं. १७ नं. को निवेदनसम्म दिन पाउनेमा पुनरावेदन अदालत, पाटनले पुनरावेदन गर्नु भनी सुनाएको आधारमा मात्र पुनरावेदनको अधिकार सिर्जना हुँदैन । पुनरावेदन लाग्ने वा नलाग्ने भन्ने सम्बन्धित कानूनमा नै व्यवस्था हुनुपर्दछ । पुनरावेदन अदालतले पुनरावेदन दिन जानु भनी सुनाए पनि ऐनले नलाग्ने पुनरावेदन लिन र सुन्न पनि मिल्ने हुँदैन । तसर्थ, प्रस्तुत पुनरावेदन खारेज हुने ।

इजलास अधिकृतः दण्डपाणि लामिछाने

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल वैशाख ३ गते रोज ४ शुभम् ।

निम्न मुद्दाहरूमा पनि यसै बमोजिम फैसला भएका छन् :

- यसै प्रकृतिको २०६७-CI-१५८८, परमादेश, *काठमाडौं जिल्ला बूढानीलकण्ठस्थित विराट लेदर इन्डस्ट्रिज प्रालि को तर्फबाट अधिकारप्राप्त विराट थापा वि. नेपाल बङ्गलादेश बैङ्क लि. प्रधान कार्यालय, बिजुलीबजार, काठमाडौंसमेत*

- यसै प्रकृतिको २०६७-CI-१५८९, उपयुक्त आदेश जारी गरिपाउँ, *काठमाडौं जिल्ला बूढानीलकण्ठस्थित विराट लेदर इन्डस्ट्रिज प्रालि को तर्फबाट अधिकारप्राप्त विराट थापा वि. नेपाल बङ्गलादेश बैङ्क लि. प्रधान कार्यालय, बिजुलीबजार, काठमाडौंसमेत*
- यसै प्रकृतिको २०६७-CI-१५९०, उपयुक्त आदेश जारी गरिपाउँ, *काठमाडौं जिल्ला बूढानीलकण्ठस्थित विराट लेदर इन्डस्ट्रिज प्रालि को तर्फबाट अधिकारप्राप्त विराट थापा वि. नेपाल बङ्गलादेश बैङ्क लि. प्रधान कार्यालय, बिजुलीबजार, काठमाडौंसमेत*
- यसै प्रकृतिको २०६७-CI-१५९२, उपयुक्त आदेश जारी गरिपाउँ, *काठमाडौं जिल्ला बूढानीलकण्ठस्थित विराट लेदर इन्डस्ट्रिज प्रालि को तर्फबाट अधिकारप्राप्त विराट थापा वि. नेपाल बङ्गलादेश बैङ्क लि. प्रधान कार्यालय, बिजुलीबजार, काठमाडौंसमेत*

## इजलास नं. २

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०७०-CI-०१३५, उत्प्रेषण/परमादेश, *तीर्थबहादुर तामाङ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काठमाडौंसमेत*

जग्गा नापजाँच ऐन, २०१९ को दफा ६(५क) को सीमित व्यवस्थाबाहेक भोगाधिकारको आधारमा स्वामित्व सिर्जना हुने कानूनी व्यवस्था र न्यायिक प्रचलन रहेको नहुँदा प्रतिकूल भोगको आधारमा वैध स्वामित्वको स्थिति सिर्जना हुन नसक्ने भनी यसअघि रामदुलारी शरण वैष्णवसमेत विरूद्ध शालिग्राम शरण वैष्णवसमेत भएको निर्णय दर्ता बदर गरी दर्ता गरिपाउँ भन्ने मुद्दा (*नेकाप* २०६५, असार, नि.नं. ७९३९, पृ. २६९) मा यस अदालतबाट निर्णय भइसकेको पनि छ । प्रस्तुत मुद्दामा मालपोत कार्यालयले नेपाल सरकारको नाममा जग्गा दर्ता स्रेस्ता कायम गर्ने कार्य सम्पन्न गरिसकेको र सो कार्य कानूनबमोजिम नै भए गरेको देखिँदा पुनरावेदकको दावीको जग्गा नेपाल सरकारको नाममा दर्ता गर्ने गरी गरेको मिति २०६९।२।१ को निर्णय कानूनसम्मत् नै भएको देखिएको र पुनरावेदकको उक्त जग्गामा भएको भोगको आधारमा मात्र निजकै वैध स्वामित्व हुनसक्ने आधार र कारण नहुने स्थितिमा पुनरावेदन अदालत, पाटनले गरेको मिति २०६९।१२।१४ को आदेश मुनासिब नै देखिँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बतौंला

इति संवत् २०७१ वैशाख २५ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०७०-CI-०१३६, उत्प्रेषण/परमादेश, *ज्ञानबहादुर बेघा वि. नापी कार्यालय, पाँचथर फिदीमसमेत*

नाप नक्सा संशोधनको वैधता कस्तो हुने हो र विवादित कित्ताका जग्गाहरू पुनरावेदकको मागबमोजिम हुनुपर्ने हो होइन भन्ने सन्दर्भमा हेर्दा, यस सम्बन्धमा पाँचथर जिल्ला अदालतमा यी पुनरावेदक र विपक्षी सरस्वती रिजालबीच जग्गा खिचोला मुद्दा चलिरहेको हुँदा विवादित जग्गामा यी पुनरावेदकको निर्विवाद स्वामित्व रहेको भन्ने नदेखिनुका साथै हक बेहकको प्रश्नका सम्बन्धमा जग्गाको स्वरूपसमेतका विषयवस्तुमा सबूद प्रमाणको मूल्याङ्कनबाट मात्र निर्धारण हुने विषय हुने हुन्छ । पुनरावेदकले माग गरेका विषयमा यस अदालतबाट तत्कालै हस्तक्षेप गर्दा तल्लो अदालतमा विचाराधीन मुद्दामा असर

पर्नसक्ने हुँदासमेत मागबमोजिम आदेश जारी गर्न नमिल्ने ।
इजलास अधिकृतः अनिलकुमार शर्मा
कम्प्युटरः कल्पना बतौला
इति संवत् २०७१ वैशाख २५ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०७०-CI-०३२३, उत्प्रेषण/परमादेश, *राजकिशोर साह वि. जिल्ला रौतहट, महम्मदपुर गाविस अन्तर्गत गरूडास्थित श्रीराम सुगर मिल्स लिमिटेडसमेत*

पुनरावेदकले श्रम कार्यालय, पर्साको मिति २०६८।१२।१३ को निर्णय कार्यान्वयन गरी आफूले पाएको भनेको पदअनुसार पारिश्रमिक, सुविधा पाउनको लागि परमादेश जारी गरिपाउन पुनरावेदन अदालत, हेटौंडामा निवेदन दिएको देखिन्छ । वस्तुतः परमादेशको रिट कुनै सार्वजनिक वा सरकारी निकायले कानूनबमोजिम गर्नुपर्ने काम नगरेमा सो गर्न गराउन जारी गर्ने गरिन्छ । कानूनमा वैकल्पिक उपचारको व्यवस्था नभएको वा भए तापनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अवस्थामा मात्र सामान्यतः कुनै कानूनी हकको प्रचलनको लागि परमादेशको आदेश जारी गरिने गरिन्छ । प्रस्तुत मुद्दामा श्रम कार्यालय, पर्साको निर्णय कार्यान्वयन गर्नको लागि श्रम ऐन, २०४८ को दफा २५ नं. ले आवश्यक व्यवस्था गरेको नै देखिँदा वैकल्पिक उपचारको मार्ग विद्यमान रहेकै देखिएको अवस्थामा यी पुनरावेदकको मागबमोजिम आदेश जारी नहुने गरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।३।१९ को आदेश मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृतः अनिलकुमार शर्मा
कम्प्युटरः कल्पना बतौला
इति संवत् २०७१ वैशाख २५ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-CI-०३७९, उत्प्रेषण/परमादेश, *चनकराम थारू वि. प्रमुख, बर्दिया राष्ट्रिय निकुञ्ज ठाकुरद्वारा बर्दियासमेत*

छरछिमेकमा बोलाउने नाम र नागरिकतामा उल्लेख हुने नामसमेत कुनै कुनै व्यक्तिको फरकफरक हुने भएबाट यस सम्बन्धमा म्यादमा रोहबरमा बस्ने सम्बन्धित वडाका साक्षीको भूमिका उल्लखनीय हुने हुन्छ । निजहरू रोहबरमा बसी एकाघरका व्यक्तिले बुझेको भनी व्यक्ति पहिचान गरी सहीछाप गरेमा त्यसलाई बेरीतको भन्न मनासिब हुँदैन । प्रस्तुत मुद्दामा निजको नाउँको एकप्रति म्याद सम्बन्धित गा.वि.स. मा समेत बुझाएको देखिन्छ । यसरी कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी गरेको तामेली प्रक्रियामा नामसम्म फरक उल्लेख हुन गएको कारणले मात्र तामेली म्यादलाई नै बेरीतको भन्न नमिल्ने हुँदा निवेदन खारेज हुने गरी भएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६९।२।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृतः अनिलकुमार शर्मा
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०७१ वैशाख २५ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-CI-०४८१, परमादेश, *अधिवक्ता विश्वजीत तिवारी वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत*

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६(३) ले सार्वजनिक निकायले सूचना प्रवाह गर्ने प्रयोजनको लागि आवश्यकतानुसार सूचना शाखाको व्यवस्था गर्न सक्नेछ भन्ने व्यवस्था गरेको हुँदा स्रोत र साधनले भ्याएसम्म सूचना शाखाको

व्यवस्थापन हुने भन्ने भूमिसुधार कार्यालय बाँके, भूमिसुधार कार्यालय बर्दिया, मालपोत कार्यालय, बाँकेको भनाइलाई अन्यथा भन्न मिलेन । उक्त ऐनको दफा ६(१) अनुसार सूचना प्रवाह गर्ने प्रयोजनको लागि सूचना अधिकारीको व्यवस्था गर्ने जिम्मेवारी विपक्षी कार्यालयहरूलाई रहेको देखिन्छ । यस व्यवस्थानुसार लिखित जवाफ नदिएका जिल्ला वन कार्यालय, बर्दिया र जिल्ला विकास समितिको कार्यालय, बर्दियाको पत्रानुसार सूचना अधिकारी तोकेको भन्ने देखिएन । तर अन्य विपक्षी कार्यालयहरूको लिखित जवाफमा सूचना अधिकारीको व्यवस्था गरिएको भन्ने पाइएको हुँदा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ ले गरेको व्यवस्थालाई अङ्गीकार गरेको नै देखिँदा जिल्ला वन कार्यालय, बर्दिया र जिल्ला विकास समितिको कार्यालय, बर्दियाको हकमा ऐनबमोजिम सूचना अधिकारी तोक्न भनी परमादेश जारी हुने र अन्य विपक्षी कार्यालयहरूको हकमा ती कार्यालयहरूले सूचना अधिकारी तोकेको हुँदा उक्त कानूनी व्यवस्था लागू नगरेको भन्ने अवस्था नरहेको भन्ने ठहर गरी भएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६८।१२।२२ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७१ वैशाख २५ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-CI-०५५३, उत्प्रेषण/परमादेश, *करूणा महर्जन वि. स्वेताकुमारी सिरोहियासमेत*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १५५(३) मा भवन निर्माण गर्ने जग्गामा तेरोमेरो परी हक बेहक छुट्याउनु पर्ने देखिन आएमा त्यस्तो उजूरी परेको मितिले पैंतीस दिनभित्र अदालतमा उजूर गर्न जानु भनी पर्चा खडा गरी सम्बन्धित पक्षहरूलाई सुनाउनुपर्ने व्यवस्था गरेको छ । यस्तो अवस्थामा जग्गामा हक बेहकको प्रश्न उठेमा नगरपालिकालाई त्यसमा निर्णय गर्ने क्षेत्राधिकार नरहने हुँदा यही कानूनी व्यवस्थाको अवलम्बन गरी गरेको ललितपुर उपमहानगरपालिकाको निर्णयलाई अन्यथा भन्न नमिल्ने ।

विवादित जग्गामा के कति हक पुग्दछ भनी प्रमाण बुझी यकीन गर्ने कार्य अदालतको रिट क्षेत्राधिकारबाट नहुने र वैकल्पिक उपचारको बाटो निवेदकमा रहे भएकै हुँदा निवेदन खारेज हुने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।१।२७ को आदेश मनासिब नै देखिँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७१ साल वैशाख २५ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-CI-१२८०, उत्प्रेषण/परमादेश, *खुमराज पुञ्जाली वि. काष्ठमण्डप डेभलपमेन्ट बैङ्क लिमिटेड केन्द्रीय कार्यालय, पाको न्यूरोड काठमाडौं*

भोलाकिशोर डङ्गोलले अग्रिम कर कट्टीबापत कति रकम सरकारलाई बुझाउनुपर्ने हो सो कुराको टुङ्गो लाग्न सकेको देखिएन । पुनरावेदककै पुनरावेदन व्यहोरानुसार निजउपर राजस्व चुहावट गरेको सम्बन्धमा जिल्ला अदालतमा मुद्दा दायर भएको भन्ने देखिन्छ । यसरी अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा हाल निजले कर तिर्नुपर्ने वा नपर्ने कुराको निर्क्यौल हुनसक्ने अवस्था नहुने र तिर्नै परे पनि कति तिर्नुपर्ने भन्ने प्रश्न अनिर्णित नै हुने भएकोले रोक्का रहेको सम्पत्ति बिगोभन्दा बढी भएको खण्डमा कति राजस्वतर्फ जाने र कति बैङ्कले पाउने भन्ने विषयसमेत अनिर्णित नै हुन जान्छ । मुद्दा अदालतमा विचाराधीन रहेको

अवस्थामा सम्पत्ति रोक्का राख्न नमिल्ने होइन तथापि दोहोरो रोक्का रहेको परिस्थितिमा फुकुवा गर्ने क्रममा यो कुराको पनि हेक्का राख्नु जरूरी हुने हुँदा धनी काष्ठमण्डप डेभलपमेन्ट बैंङ्क ऋणी भोलाकिशोर डङ्गोल भई धितो सुरक्षणस्वरूप रहेको बा ८ च ६४३५ नं. को सवारी साधनलाई राजस्व अनुसन्धान विभागले रोक्का राखी फुकुवा गर्न नमिल्ने भनी जारी गरेको च.नं.९३०, मिति २०६९।७।२१ को पत्रलाई उत्प्रेषणको आदेशले बदर गरिदिएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।११।१६ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ वैशाख २५ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-CI-१२२२, निषेधाज्ञा, *काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० नयाँबानेश्वरस्थित इन्टरनेशनल लिजिङ एन्ड फाइनान्स कम्पनी लि. कोतर्फबाट अधिकारप्राप्त बोधराज सेढाईंसमेत वि. जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौंसमेत*

२०५८ सालको घटनाको सम्बन्धमा २०६४ सालमा आएको अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महल अनुसार २०६८ सालमा अनुसन्धान गर्न पाउने होइन भन्ने पुनरावेदन जिकीर छ, सो सम्बन्धमा हेर्दा कुनै पनि कानून सामान्यतः पश्चात्दर्शीरूपमा लागू हुने गरी कार्यान्वयन गरिनु हुँदैन भन्ने कानूनको सर्वमान्य सिद्धान्त हो तर प्रस्तुत मुद्दाका पुनरावेदकले गरेको भनिएको कसुर सोही महलअन्तर्गत नै पर्ने प्रकृतिको छ छैन तत्कालीन अवस्थामा विद्यमान रहेका अन्य कानूनहरू उक्त कसुरसँग सम्बन्धित र आकर्षित हुने हो होइन भन्ने सन्दर्भमा समेत निर्णय गर्न अनुसन्धान अधिकारी स्वतन्त्र र सक्षम हुन्छ । त्यतिमात्र नभएर २०६४ सालपछि उक्त महलअन्तर्गत पर्ने कसुरमा प्रहरीले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ ले तोकेको कार्यविधि र व्यवस्थाको अधीनमा रही अनुसन्धान तहकीकात गर्न पाउने नै हुँदा कानूनबमोजिम प्रहरी निकायबाट गरिने क्रियाकलापमा अदालतबाट हस्तक्षेप गर्न नमिल्ने हुनाले निषेधाज्ञाको निवेदन खारेज हुने गरी पुनरावेदन अदालत, पाटनबाट भएको आदेश मनासिब नै देखिँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

इति संवत् २०७१ साल वैशाख २५ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०७०-WH-००३०, बन्दीप्रत्यक्षीकरण, *रोशन श्रेष्ठ वि. केन्द्रीय अनुसन्धान ब्युरो, काठमाडौंसमेत*

मिति २०६९।९।८।१ मा काठमाडौं जिल्ला अदालतसमक्ष कागज गर्दा लागेको जरीवाना तत्काल बुझाउन नसक्ने पछि दाखिल गर्ने भनी कागज गरी निजउपर लागेको अभियोगलाई स्वीकार गरी फैसलाबमोजिमको जरीवानासमेत स्वीकार गरिसकेको यस्तो अवस्थामा सो तथ्यविपरीत गरी दायर गरेको बन्दीप्रत्यक्षीकरणको निवेदन खण्डन गर्नसक्ने अवस्थाको विद्यमानता नहुँदा निवेदकको मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निजलाई थुनामुक्त गर्नुपर्ने अवस्था देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७१ साल वैशाख ७ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०७०-WH-००५२, बन्दीप्रत्यक्षीकरण, *दिनेशराज सेढाईं वि. उषा अधिकारीसमेत*

बालबालिकासम्बन्धी ऐनले पनि बाबु वा आमालाई आफ्नो सन्तानसँग भेटघाट गर्न

पाउने कानूनी व्यवस्था गरेको देखिन्छ । प्रस्तुत निवेदनमा उल्लेख भएका तथ्यहरूलाई दृष्टिगत गर्दा यी नाबालकहरूको बाबु हुँदाहुँदै निजको तर्फबाट निजका हजुरबुबाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निज नाबालकहरूको आमा विपक्षी स्वधा शर्माको संरक्षकत्वबाट नाबालकलाई स्थानान्तरण गराई पाउन बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने जिकीर लिएको देखियो । नाबालकहरूका बाबु छँदाछँदै निजका हजुरबुबाले आमाको संरक्षकत्वबाट स्थानान्तरण गराई माग्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्नेसमेत देखिन्न । आमाको संरक्षण तथा संरक्षकत्वमा रहेका यी नाबालकद्वय अनिरूद्र सेढाईं र प्रद्युम्न सेढाईंलाई बन्दी बनाई राखेको भन्ने तथ्य खम्बीर हुन नसकेको यस्तो अवस्थामा निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७१ साल वैशाख ८ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०७०-WO-०३४४, उत्प्रेषण/परमादेश, *लेखनाथ भट्टराई वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत*

निवेदकलाई भएको भनिएको विभागीय सजाय अब कायम नरहेको र कानूनबमोजिम छनौट भई पदस्थापन पनि भैसकेको व्यक्तिलाई पूर्ववत् अवस्थामा काम गर्न दिनुपर्नेमा उक्त विज्ञापित पदमा निज निवेदकले उम्मेद्वारी तत्काल कायम नरहेको अर्थ गरी निवेदकले पाइसकेको शाखा अधिकृत पदको नियुक्तिलाई नै बदर गर्ने गरेको लोक सेवा आयोगको मिति २०७०।६।१० को निर्णय र सामान्य प्रशासन मन्त्रालयको मिति २०७०।६।१४ को निर्णय निजामती सेवा ऐनको दफा २२ र २२क को अनुकूल नरहेकोले उक्त निर्णयहरू कानूनसङ्गत् नदेखिने ।

विभागीय सजाय हुने निर्णय भएको व्यक्तिलाई सो सजाय अन्तिम हुन नदिई सोअघि नै लोकसेवा आयोगले वैकल्पिक सूचीका व्यक्तिलाई नियुक्ति गर्दछ र विभागीय सजाय बदर हुन्छ भने त्यस्तो जटिलताको लागि वैकल्पिक उम्मेद्वारलाई नियुक्ति दिने निकाय लोकसेवा आयोग नै जिम्मेवार हुनपर्ने अवस्था आउँछ । अर्को शब्दमा अब प्रस्तुत मुद्दामा निवेदकको मागबमोजिम आदेश जारी भएको कारणले विपक्षी गौतम पंज्ञानीको पदस्थापनाको सम्बन्धमा उक्त आयोगले नै निर्णय गर्ने कुरा देखिने ।

निवेदक लेखराज भट्टराई कानूनबमोजिम प्रतियोगिताबाट छनौट भई पदस्थापन पाई क्रियाशील भएको व्यक्ति देखिएको र निजउपरको विभागीय सजाय बहाल रहेको नदेखिएको अवस्थामा निजको हकमा विपक्षी लोकसेवा आयोगको मिति २०७०।६।१० को र सामान्य प्रशासन मन्त्रालयको मिति २०७०।६।१४ को निर्णय कायम रहन नसक्ने भै उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । निवेदकको पदाधिकार नै सुरक्षित रहेको अवस्थामा वैकल्पिक उम्मेद्वार विपक्षी गौतम पंज्ञानीलाई बिनाकानूनी आधार पूरकरूपमै नियुक्ति दिँदैमा निवेदकको हक प्रभावित नहुने हुनाले निवेदक लेखनाथ भट्टराईलाई मागबमोजिम पदस्थापन भएको पदमा पूर्ववत् कार्य गर्नसमेत दिनु भनी परमादेशसमेत जारी हुने ।

इजलास अधिकृतः टीकाभूषण घिमिरे

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल वैशाख ३० गते रोज ३ शुभम् ।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६९-CI-०४२६, निषेधाज्ञा, *हरिप्रकाश बुढाथोकी वि. शम्भुप्रसाद चौधरीसमेत*

जग्गाजमिनको विषय देवानी विषय भएकोले

पक्राउ गर्ने, थुन्ने, गाली गलौज गर्नेलगायतको अधिकारक्षेत्र विपक्षी निकायलाई नभएको भन्ने पुनरावेदन जिकीर देखिए तापनि शान्ति सुरक्षाका सम्बन्धमा शम्भुप्रसाद चौधरीसमेतले दिएको निवेदनका आधारमा वास्तविकता बुझी शान्ति सुरक्षाका लागि प्रहरीमा देखिएकोसम्म हो भन्ने जिल्ला प्रशासन कार्यालय, काठमाडौंको लिखित जवाफ, जिल्ला प्रशासन कार्यालयबाट देवानी विवादको सुनुवाइ भएको होइन भन्ने शम्भुप्रसाद चौधरीसमेतको लिखित जवाफ, शान्ति सुरक्षाको विषयमा बुझ्नलाई निवेदकलाई जिल्ला प्रशासन कार्यालयमा यस कार्यालयबाट उपस्थितसम्म गराएको भन्ने महानगरीय प्रहरी वृत्त, बौद्धको लिखित जवाफबाट यी पुनरावेदकलाई देवानी विषयमा पक्राउ गर्ने र थुनछेक गर्नेसम्मको आशङ्काको अवस्था विद्यमान भएको पुष्टि हुन सकेको नदेखिँदा र शान्ति सुरक्षा कायम गराइपाउँ भनी पर्न आएको निवेदनउपर शान्ति सुरक्षाको विषयमा बुझ्नलाई कानूनले विपक्षी निकायलाई नरोकेको हुँदा देवानी विषयलाई लिएर अधिकारको अतिक्रमण गरी धरपकडलगायतका कार्य गरी पुनरावेदकको कानूनी अधिकारमा आघात पुगेको भन्ने पुनरावेदन जिकीरसँग सहमत हुन नसकिने हुँदा रिट निवेदन खारेज र अन्तरिम आदेश रद्द हुने ठहर्‍याई मिति २०६८।३।२२ मा पुनरावेदन अदालत, पाटनबाट भएको आदेश मिलेकै देखिँदा सो सदर हुने ।

इजलास अधिकृतः टीकाभूषण घिमिरे

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल भदौ ३१ गते रोज २ शुभम् ।

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-CI-०९३९, बाटो कायम गरिपाउँ, *केशव पुरी वि. किरण रिमालसमेत*

प्रत्यर्थीहरूले आफ्नो सुरू प्रतिवादीमा नै आफ्ना बाबु बाजे सूर्यनाथ रिमालको नाममा दर्ता रहेको ललितपुर नगरपालिका वडा नं. २ को कि.नं. ६ को क्षेत्रफल ४-१०-० जग्गा निजका छोरा नातिहरूको बीच २०४० सालमा अंशबन्डा हुँदा सोही कित्ताबाट कित्ताकाट भएका जग्गाहरूमा आवतजावत गर्नका लागि निजी बाटो रहेको भनी प्रतिवाद गरेको देखिन्छ । सुरू प्रतिवाद गर्दा नै दक्षिणको जग्गा नवीनप्रसाद रिमालको अंश भागमा परेकोले अरू अंशियारहरूको अंश फाँटमा परेको जग्गामा जाने बाटो नहुँदा एवम् अंशियारहरूले आफ्नो अंश फाँटको जग्गाबाट पूर्वतर्फबाट ९ फिट आफ्नो नम्बरी एवं कम्पाउन्ड भित्रबाट नै निजी बाटो राखी सबै दाजुभाइलाई आफ्नो आवतजावत गर्ने हक पुग्ने गरी सुविधाको लागि बाटो प्रयोगसम्म गरिएको हो भनी प्रतिवाद गरेको देखिएको छ । मिसिल संलग्न नापी निरीक्षकले पेश गरेको प्रतिवेदन व्यहोरा हेर्दा, ललितपुर नगर वडा नं. २० क कि.नं.२६९, ४६२, ४६१, १९३, १९२, १९१, १९०, र १८९ र १८९ जग्गाको फिल्डमा गै फिल्ड निरीक्षण गर्दा उक्त कित्ताहरूको पूर्वतर्फ नक्सा ट्रेसमा रातो मसीले देखाएअनुसार ९ फिटको बाटो देखिएको, सो बाटो सामूहिकरूपमा प्रयोग भएको र कि.नं. २६९ को दक्षिणपूर्वतर्फबाट भित्र जाने बाटोमा जस्ता पाताको गेट देखाइएको र अन्य कित्ताहरूमा आआफ्नो जग्गामा प्रवेश गर्ने स्थानमा गेट तथा पर्खाल लगाइएको देखिएको भनी उल्लेख गरेको देखियो । मिसिल संलग्न मिति २०४०।५।१२ को बन्डापत्रको छायाँप्रतिमा समेत सबै अंशियारहरूलाई आआफ्नो जग्गामा परेको जग्गामा आवतजावत गर्न सम्पूर्ण जग्गाको पूर्वतर्फबाट उत्तर आउने पर्खाल दक्षिण मूल सडक जग्गा ९ फिट चौडाको साझा बाटो भन्नेसमेत व्यहोरा उल्लेख गरी बन्डापत्रमा सो बाटोको अवस्थिति जनाएको देखिन्छ । यसरी मिति २०४०।५।१२ को बन्डापत्रको व्यहोरामा नै उक्त बाटोको अवस्थितिका बारेमा उल्लेख

गरी निजीरूपमा खोलेको बाटो आफ्नो उपभोगमा खोलेको बाटोलाई बिना कुनै कानूनी आधारबेगर सार्वजनिक भन्न नमिल्ने हुँदा दर्तावालाको मञ्जूरी बिना सार्वजनिक बाटो कायम गर्न मिलेन भनी दावी नपुग्ने ठहर्‍याई भएको मालपोत कार्यलय, ललितपुरको मिति २०६५।४।३० को निर्णय र सो निर्णयलाई सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६६।१।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल पुस २८ गते रोज १ शुभम् ।

१४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६५-CI-०६४४, ०६७-CI-११९७, जग्गा खिचोला चलन, *कालुराम भण्डारी वि. जगतबहादुर अधिकारी, जगतबहादुर अधिकारी वि. तेजबहादुर घिमिरेसमेत*

नक्सामा अङ्कित भएअनुसार न.नं. १२ देखि न.नं. १६ सम्मको जग्गा वादीको भोगमा रहेको सो न.नं. देखि १६ सम्मका कूल क्षेत्रफल ०-५-९$^{३}/_{४}$ रहेको देखिन्छ । यसका अतिरिक्त न.नं.२१, २२ र २३ समेतका जग्गा वादीकै दर्ता भोगमा रहेको न.नं. २१ को ०-०-४$^{१}/_{२}$ तथा न.नं. २२ र २३ को कूल क्षेत्रफल ०-०-८$^{१}/_{४}$ उल्लेख भएकोसमेत नक्साको अवस्थितिबाट देखिएको छ । न.नं.२२ को जग्गा नहरमा परेको नक्सा मुचुल्काबाट देखिएकोले यस्तो जग्गा साविक कि.नं.२५० को जग्गा नै हो भनी भन्न सकिएन । नहरमा परेको जग्गा घटाउँदा उक्त न.नं. २२ र २३ को जम्मा जग्गा ०-०-४$^{१}/_{२}$, नक्सा मुचुल्काबाट कि.नं.२५० का न.नं.१२, १३, १४, १५, १६, १७ का जग्गाहरू वादीका भोगमा रहेको देखिन्छ । त्यस्तै न.नं.२१, २२ र २३ समेत कि.नं.२५० भित्र रहेको न.नं. २२ को जग्गा नहर उल्लेख भएको देखिन्छ । २५० का २१ र २३ को जग्गा वादीको भोगमा रहेको देखिन्छ । न.नं.१२ देखि १७ सम्मको जग्गाको कूल योग गर्दा ०-५-९$^{३}/_{४}$ रहेको तथा न.नं.२१ मा ०-०-४$^{१}/_{२}$ तथा न.नं.२२ र २३ मा ०-०-८$^{१}/_{४}$ भएकोमा न.नं.२२ मा नहर भै त्यसको आधा जग्गा ०-०-४$^{१}/_{२}$ मात्र कायम रहेको देखिई वादीको भोगमा ०-५-१८$^{१}/_{४}$ रहेको देखिन्छ । वादीको कि.नं.२५० को कूल जग्गा ०-७-० कायम रहेकोमा उक्त उल्लिखित न.नं. का जग्गाहरू गरी जम्मा ०-५-१८$^{१}/_{४}$ जग्गा भई ०-१-११$^{१}/_{४}$ जम्मा कम रहेको देखिँदा उक्त न.नं.१८ को ०-०-०$^{१}/_{२}$ कि.नं.२५० को जग्गाभित्र रहेको देखिएकोले उक्त जग्गा धनमाया तिवारीले खिचोला गरेको कार्यलाई अन्यथा भन्न नमिल्ने ।

कि.नं.५२६ को जग्गा भनी जनिएको र उक्त जग्गा ०-५-११$^{१}/_{२}$ कायम रहेको देखिन्छ भने न.नं. २४ मा ०-०-१७$^{३}/_{४}$ जग्गा विवादित भनी देखाइएको छ । यी पुनरावेदक प्रतिवादी कालुराम भण्डारीको नाउँमा कायम कि.नं.५२६ बाट नै ०-५-११$^{१}/_{२}$ देखिई निजको जग्गा पुगिरहेको देखिएको तथा न.नं.२४ समेत यी पुनरावेदक प्रतिवादीको भोगमा रहेको देखिएकोमा न.नं.२४ को ज.वि. ०-०-१७$^{१}/_{४}$ जग्गा प्रतिवादी कालुराम भण्डारीले खिचोला गरेको ठहराई भएको पुनरावेदन अदालत, विराटनगरको फैसला कानूनसम्मत देखिने ।

सुरू सुनसरी जिल्ला अदालतको फैसला उल्टी गरी कि.नं.२५० को जग्गामध्ये न.नं.१८ को ०-०-०$^{१}/_{२}$ जग्गा धनमाया तिवारीले र न.नं.२४ को ज.वि.०-०-१७$^{१}/_{४}$ जग्गा प्रतिवादी कालुराम भण्डारीले खिचोला गरेको ठहर्‍याई भएको पुनरावेदन अदालत, विराटनगरको फैसला कानूनसम्मत् देखिने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

इति संवत् २०७० साल पुस २८ गते रोज १ शुभम् ।

१५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६५-CI-०३३६, मोही कायम, *महेन्द्रनाथ उपाध्याय वि. माइला नकर्मी*

पुनरावेदकले विवादित जग्गामा सर्वोच्च अदालतबाट भएको मिति २०५३।३।१३ को फैसलाअनुसार उक्त दावीको कि.नं.१०३ को जग्गाको मोही कायम गरिपाउँन भूमिसुधार कार्यालयमा निवेदन दिएकोमा मिति २०५८।१२।१३ मा मोही कायम नहुने ठहर भएको छ । यसरी यी पुनरावेदक निवेदकले दिव्यकुमारीको उक्त दावीको जग्गामा मोही हक छ भन्ने जिकीर लिए पनि माइला नकर्मीका बाबु तुल्सीनारायण नकर्मी विवादित कि.नं.१०३ को जग्गामा विधिवत् प्रक्रियाबाट मोही स्थापित भएको तथ्य तथा संलग्न प्रमाणसमेतबाट देखिँदा सोही आधारबाट समेत भूमिसुधार कार्यलयबाट तुल्सीनारायण नकर्मी नै वैधानिक मोही रहे भएको ठहऱ्याई गरेको निर्णयको विषयलाई लिएर सो निर्णय गर्दा वादी दावीभन्दा बाहिर गै फैसला गरिएको भनी भन्न नमिल्ने हुँदा विवादित जग्गाको खास जोताहा मोही तुल्सीनारायण नकर्मी नै वैधिनिक मोही कायम हुने ठहऱ्याई भएको भूमिसुधार कार्यालय, काठमाडौंको मिति २०५८।१२।१३ को निर्णयलाई सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६४।१०।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल पुस २८ गते रोज १ शुभम् ।

१६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-CR-०८०१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जयन्तराज पन्त*

ज्यानजस्तो गम्भीर कसुरमा कसैउपर आरोप लगाउनु मात्र पर्याप्त हुँदैन । आरोपित व्यक्तिमा ज्यान मार्ने सम्बन्धमा मनसाय रहेको त्यसैअनुरूप तयारी गरी घटना घटाएको भन्ने कुराको सिलसिलेवाररूपमा नै स्वतन्त्र प्रमाणहरूबाट कसुरको पुष्टि भएको हुनुपर्छ । अन्याथा कसैउपर शङ्काकै भरमा मात्र ज्यान मारेको जस्तो सङ्गीन र गम्भीर कसुरको कसुरदार ठहर गर्न फौजदारी न्याय सिद्धान्तअनुकूल नहुँदा प्रतिवादी जयराज पन्तलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(२) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको सुरू डडेलधुरा जिल्ला अदालतको मिति २०६३।३।२९ को फैसला उल्टी गरी प्रतिवादी जयराज पन्तलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६६।१०।२६।३ को फैसला मिलेकै हुँदा सदर हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल फागुन ४ गते रोज १ शुभम् ।

१७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-WO-०४३६, उत्प्रेषण/परमादेश, *शीला के.सी. वि. ईदरीश मोहम्मद मुसलमानसमेत*

विज्ञापनअनुसार दरखास्त नै नदिएको अवस्थामा सो विज्ञापनअनुसारको पदमा आफूलाई प्रतिस्पर्धामा सरिक नगराएकोले उक्त विज्ञापन अनुसारको नियुक्ति बदर गरी माग्ने अधिकार यी निवेदिकालाई हुँदैन । शिक्षक नियुक्तिसम्बन्धी जुन विषयमा आफ्नो हक अधिकार हनन् भयो भनी रिट निवेदिका रिट लिई आएकी हुन् सो विषयको विज्ञापनबमोजिम दरखास्त नै नबुझाई प्रतिस्पर्धामा सहभागी नै नभएको स्थितिमा उक्त विषयमा रिट दिने निजको हकै सिर्जना भएको भन्न

मिल्दैन । यसरी विज्ञापन प्रकाशित गरी प्रतिस्पर्धाबाट छानिएका प्रतियोगीलाई नियुक्तिसमेत दिई पठनपाठनसमेतको कार्य सुरू भइसकेको अवस्थामा र रिट दिने हकै नभएकी निवेदिकाले दिएको रिट निवेदनको आधारमा निजको माग दावीको सम्बन्धमा विचार गर्नसमेत नमिल्ने ।

नि.मा.वि. को दरबन्दीमा रही मा.वि. स्तरमा स्वयम्सेविकाको रूपमा अध्यापन गराएकै भरमा मा.वि. स्तरको शिक्षकको पदको लागि भएको विज्ञापनमा समावेश भई प्रतिस्पर्धा नै गर्न नपर्ने भन्ने पनि शिक्षा ऐन, नियमावलीमा कतै व्यवस्था भएको देखिँदैन । विज्ञापन गर्दा दरखास्त दिनै नजाने अनि आफ्नो दरखास्त नै नलिई आफूलाई नियुक्ति प्रक्रियामा समावेशै नगरिएकोले आफ्नो संविधानप्रदत्त मौलिक हक हनन् भयो भन्ने निवेदिकाको भनाई उचित देखिँदैन । यस्तो स्थितिमा भएको शिक्षक नियुक्तिसम्बन्धी निर्णयबाट निज रिट निवेदिकाको कुनै मौलिक हक अधिकारको हनन् भएको नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा रिट निवेदकको निवेदन खारेज हुने ।

विज्ञान विषयक शिक्षकका सम्बन्धमा विज्ञापन गरिएकोमा सो सम्बन्धी आवश्यक न्यूनतम् शैक्षिक योग्यतातर्फ विचारै नगरी विज्ञापित विषयभन्दा पृथक विषय कृषि विषय लिई स्नातक उत्तीर्णलाई विज्ञान विषय पढाउन पाउने गरी नियुक्ति गरिएको भन्ने जिकीरका सम्बन्धमा हेर्दा शिक्षा नियमावली, २०५९ को अनुसूची १२ को खण्ड (घ) को उपखण्ड २ को क्रमसंख्या (२) मा माध्यमिक विज्ञान शिक्षकको लागि योग्यतामा "विज्ञान वा गणित मूल विषय लिई स्नातक वा सोसरह उत्तीर्ण गरेको" हुनुपर्नेछ भनी उल्लेख भएको तर विपक्षी तिलौराकोट मा.वि. व्यवस्थापन समितिबाट माध्यमिक विद्यालयमा विज्ञान विषय बाहेककोलाई अध्यापन गर्नका लागि नियुक्ति दिएको भन्ने सम्बन्धमा बी.एस.सी. वा सो सरह" भनेको के हो भन्ने सम्बन्धमा द्विविधा उत्पन्न हुन गएको देखिन्छ । सो विषयमा शिक्षा मन्त्रालय, जिल्ला शिक्षा कार्यालय, कपिलवस्तुबाट आधिकारिक धारणासहित स्पष्ट पार्नुपर्नेमा सो कार्यालयबाट लिखित जवाफ नै आएको देखिन्न । विज्ञापन गरी विज्ञान विषय पढाउनको लागि "बी.एस.सी. वा सो सरह" उत्तीर्ण गरेको शैक्षिक योग्यताको आवश्यकता देखाई विज्ञापन गर्ने अनि नियुक्ति गर्दा कृषि विषय पढेकोलाई नियुक्ति गरेको देखिएकोले "बी.एस.सी. वा सो सरह" भन्नाले कुनकुन विषय पढाउनको लागि योग्यता पुगेको बुझिन्छ भन्ने सम्बन्धमा स्पष्ट हुन जरूरी हुन्छ । त्यसैले स्पष्टताको लागि जो जे गर्नुपर्छ गरी यस्तो प्रश्नमा सम्बोधन गर्नु भनी जिल्ला शिक्षा कार्यालय, कपिलवस्तुलाई ध्यानाकर्षण गराउन आवश्यक देखिँदा सो सम्बन्धमा उल्लिखित विषयमा स्पष्ट गर्नु भनी जिल्ला शिक्षा कार्यालय, कपिलवस्तुलाई ध्यानाकर्षण गराउने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल वैशाख २४ गते रोज ३ शुभम् ।

१८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-WO-०६२६, उत्प्रेषण/ परमादेश, *रामलाल सुतिहार वि. शिक्षा मन्त्रालयसमेत*

२०६० सालदेखिकै पदपूर्तिसम्बन्धी प्रक्रियामा निवेदकले समयभित्रै कानूनले निर्धारण गरेको प्रक्रियाबमोजिम आफ्नो नियुक्तिका लागि चासो राख्न गएको भन्ने कुरा उल्लिखित विवेचनाबाट देखिएन । मिति २०६१।१२।२८ मा वैकल्पिक उम्मेद्वारलाई सिफारिश भएको जिल्लामा नियुक्तिको लागि सम्पर्क राख्न जाने भनेर क्षेत्रीय शिक्षा निर्देशनालय, पूर्वाञ्चल, धनकुटाले सूचना प्रकाशित गर्नुको साथै रिट निवेदकको घर

ठेगानमा पत्राचार गरेको अवस्थामा सो पत्रमा उल्लिखित समयसिमाभित्र नियुक्तिपत्र लिनुपर्नेमा सो नलिई उक्त निर्देशनालयमा रिट निवेदक मिति २०६३।२।२३ मा मात्र सम्पर्क राख्न गएको अवस्था हुँदा कानूनबमोजिमको समय सिमा नघाई नियुक्तिको लागि सम्पर्क राख्न आउने वैकल्पिक उम्मेद्वारलाई शिक्षक सेवा आयोग नियमावली, २०५७ को उल्लिखित व्यवस्थाअनुसार नियुक्ति दिन नमिल्ने भनी भएको शिक्षा मन्त्रालय (सचिव स्तरीय) को मिति २०६६।२।१३ को निर्णय र शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २५ को उपनियम ३ को व्यवस्थाबमोजिम आयोगले सिफारिश गरेको १ वर्ष नाघेपछि कुनै पनि वैकल्पिक उम्मेद्वारलाई नियुक्ति गरिने छैन भन्ने प्रावधानअनुसार नियुक्ति गर्नसक्ने अवस्था नदेखिएकोले सोही व्यहोरा जानकारी दिने भनी लेखी आएको हुँदा जानकारीको लागि अनुरोध छ भनी रिट निवेदकलाई जानकारी गराएको भन्ने क्षेत्रीय शिक्षा निर्देशनालय, पूर्वाञ्चल धनकुटाको मिति २०६७।३।१३ को पत्रसमेतलाई गैरकानूनी भन्न नमिल्ने ।

कानूनले निर्धारण गरेको समयभित्रै नियुक्तिको लागि सिफारिश गरिएको निकायमा रिट निवेदक सम्पर्क राख्न जान नसक्नुका साथै कानूनले निर्धारण गरेको समय व्यतीत भइसकेकोले नियुक्ति दिन नमिल्ने भनी शिक्षा मन्त्रालय (सचिव स्तरीय) बाट मिति २०६६।२।१३ मा भएको निर्णयलाई पनि रिट निवेदकले समयमै चुनौती दिएर उपचार खोज्न अदालत आउन सकेको देखिँदैन । नियुक्ति दिन नमिल्ने भनी निर्णय भएको लामो समयपछि मात्र उपचारको लागि रिट लिएर आएको देखिँदा निवेदक विलम्ब गरी उपचार माग्न आएको समेत देखिन्छ । आफूलाई अहित हुने गरी निर्णय भएको छ भन्ने पक्षले उचित समयभित्रै चनाखो भई न्यायिक उपचार खोज्न अदालत आउन सक्नुपर्ने हुन्छ । आफूलाई मर्का परेको विषयमा मौन बसी विलम्ब गरेर उपचार खोज्न आउने पक्षलाई वास्तविकरूपमा मर्का परेको भनी मान्न र यस्तो पक्षलाई अदालतले सहयोग गर्नसमेत नसक्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल वैशाख २४ गते रोज ३ शुभम् ।

१९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-WO-१०८१, उत्प्रेषण, *दि ओरियन्टल इन्स्योरेन्स कम्पनी लि. का अख्तियारप्राप्त एसबी नायर वि. मध्यस्थ समितिको कार्यालय, बुटवल, रूपन्देहीसमेत (मुकाम पु.वे.अ. बुटवल) समेत*

दुबै पक्षका बीचमा उठेको बीमा विवादको सम्बन्धमा यस अदालतबाट भएको मिति २०६३।१।४ को फैसलाबमोजिम मध्यस्थ नियुक्ति गरी विवादको समाधान गरिपाउँ भनी दावीकर्ताको पुनरावेदन अदालत, बुटवलमा निवेदन परेपछि सो अदालतबाट मध्यस्थ तोक्ने निर्णय भएपश्चात् मिति २०६४।११।१३ को निर्णयबाट मध्यस्थ समितिको गठन भई दुबै पक्षको सहमतिमा मध्यस्थको कार्यालयसमेत स्थापना भई मध्यस्थता ऐन, २०५५ बमोजिम कारवाही आरम्भ भएको देखिन्छ । यसरी दुबै पक्षको सहमतिमा मध्यस्थता ऐन, २०५५ बमोजिमको कारवाहीको आरम्भ भई मध्यस्थता समितिबाट निर्णय सुनाएको र सो निर्णयलाई पुनरावेदन अदालत, बुटवलबाट समेत सदर भई विवादको अन्तिम किनारा लागिसकेको अवस्थामा मध्यस्थता ऐन, २०३८ लागू हुने हो मध्यस्थता ऐन, २०५५ लागू हुने होइन भन्ने रिट निवेदनको दावी तथ्य र कानूनमा आधारित रहेको

देखिँदैन । उल्लिखित तथ्यका आधारमा प्रस्तुत विवादका सम्बन्धमा मध्यस्थता ऐन, २०५५ नै आकर्षित हुने नदेखिई सोही ऐनमा भएको व्यवस्थाबमोजिम क्षतिपूर्ति र ब्याजसमेत भराउने गरी भएको मध्यस्थता समितिको निर्णयलाई सदर गरेको पुनरावेदन अदालत, बुटवलको फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल वैशाख २४ गते रोज ३ शुभम् ।

२०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** ०६३-CR-०६५०, भ्रष्टाचार, *नेपाल सरकार वि. गणेश अर्यालसमेत*

आफ्नो नाममा जग्गा खरिद भै घर निर्माणको लागि नक्सा पास गरेको भए पनि निर्माण सम्पन्न हुनुअगावै ससीमरूपमा सम्पूर्ण घर जग्गा बिक्री गरी अर्काका नाउँमा गएको र खरिदकर्ताले बिक्रेताकै हो भनी स्वामित्व समर्पण नगरेको अवस्थामा पनि प्रतिवादीले बिक्री गरेपश्चात् पनि निजकै स्वामित्वमा रहेको मान्ने कुनै कानूनी एवम् विवेकसङ्गत् आधार रहेन । यस्ता तर्क गर्ने हो भने बिक्री गरेर पनि बिक्री नहुने र बिक्री गरेपश्चात् पनि बिक्रेताले बिक्री भएको सम्पत्तिउपर आफ्नो हकको दावी गर्नसक्ने अनौठो सम्पत्तिसम्बन्धी कानूनी अवधारणा विकसित हुन जान्छ । कसैको नाउँमा सम्पत्ति लुकाउने कुरालाई बेग्लै कानूनको माध्यमद्वारा नियमित गर्ने व्यवस्था भएमा बाहेक भैरहेको कानून र विधिशास्त्रद्वारा स्वीकृत नभएको यस्तो तर्क गर्ने हो भने सम्पत्तिसम्बन्धी कानूनको आधारभूत जग नै भत्किन जाने र कोही पनि जग्गाधनी वा सम्पत्तिको मालिक कानूनीरूपले सुरक्षित नरहने अवस्था आउँछ । यस्तो अप्रत्याशित तर्क गर्नुले समाजलाई समग्ररूपमा विचलित गराउनसक्ने हुनाले समेत आरोपपत्रको मागबमोजिम नारायण कार्कीको नाउँमा विधिवत् गैसकेको सम्पत्तिमा प्रतिवादी गणेश अर्यालको हक रहिरहेको भन्ने जिकीर सर्वथा स्वीकार्य भएन । तसर्थ त्यस सम्बन्धमा विशेष अदालतको निष्कर्षमा असहमत रहनुपर्ने कारण नदेखिने ।

खाता खोली बैङ्किङ कारोबार गर्नु स्वाभाविकरूपमा भैरहने कुरा हो । त्यो सञ्चय वा सुरक्षा वा जुनसुकै कारणले खातामा जम्मा गरी कारोबार गरिदिएको हुन सक्छ । खाताबाट झिकिएका रकमहरू आफ्नो फौजदारी दायित्वबाट बच्ने उद्देश्यले कतै लुकाएको भन्ने हो भने त्यो तथ्यगत हिसाबले नै पुष्टि गर्नुपर्ने हुन्छ । खाताबाट रकम झिकिनु नै रकम लुकाएको अनुमानको आधार बन्न सक्तैन । यस्तो प्रश्नहरूमा अपराध अनुसन्धानको पक्ष सतही नबनी गम्भीर र क्षमतावान् हुन जरूरी छ । यथार्थमा कुनै राष्ट्रसेवकले अमुक सम्पत्ति कति आर्जित गर्‍यो भन्ने प्रयोजनको लागि तत्काल कति उसको साथमा वा नियन्त्रणमा छ भन्ने आधारमा मूल्याङ्कन गरिने हो नकि कति थियो वा हुन सक्थ्यो होला भनी अनुमान गर्ने हो । यसरी हेरेमा विशेष अदालतले उक्त प्रश्नमा गरेको निष्कर्ष त्रुटीपूर्ण भन्न मिल्ने नदेखिने ।

आरोपपत्रमा प्रतिवादीले स्रोत पुष्टि गर्नुपर्ने भनी अन्य कुनै पनि सम्पत्ति देखाइएको र दावी गरिएको पाइँदैन । दावी लिने सम्बन्धित निकायले स्रोत पुष्टि गर्नुपर्ने सम्पत्ति नदेखाएको अवस्थामा थप विवेचना गरिरहनु परेन । यस अदालतबाट यसअघि फैसला भएका यस्तै प्रकृतिका मुद्दाहरूमा कायम भएका न्यायिक सिद्धान्तअनुकूल विशेष अदालतबाट मूल्याङ्कन कायम गरिएको देखिन्छ । बैङ्क नगद सम्बन्धमा प्रतिवादीले ब्याजको रकम पनि परेकोले स्रोत पुष्टि गर्ने रकम कमी भएको जिकीर लिएको अवस्था नभएको अवस्थामा प्रतिवादीले स्रोत पुष्टि गर्नुपर्ने कुल

सम्पत्ति रू. ४१,६८,८८१ कायम गरेको मनासिब देखिने ।

अभियोजन गर्ने वादीले नै बाबु, दाजु, भाइलगायत अंशबन्डा नछुट्टिएका सबै अंशायारको सम्पत्ति तथा आयलाई एउटै बास्केटमा राख्ने गरेको अवस्थामा यस अदालतले यो मुद्दाको हकमा अभियोजन दावीप्रतिकूल हुने गरी बिनाआधार प्रमाण अन्यथा भन्ने अवस्था देखिन नआउने ।

मूलतः वादी पक्षले प्रतिवादीले गैरकानूनीरूपमा आय प्राप्त गरेको भनी अभियोग लगाउनुपूर्व निजको तत्कालीन निजी पारिवारिक आय र सम्पत्ति तथा निजको आफ्नो समग्र आयको बासलात वार्षिकरूपमा के कस्तो थियो भनी खुलाउन सकेको भए निजको आयको वैधता वा अवैधताको स्थिति प्रष्ट हुने थियो । अनुसन्धानको चरणदेखि नै बुझिएका परिवारको सदस्य भनेका व्यक्तिहरूलाई अविभाजित संयुक्त परिवारको सदस्य मानी बयान बरबुझारथ गरी सगोलमा नै आयको आँकलन गरी अभियोग लगाइएको अवस्था हुँदा अब प्रतिवादीलाई पारिवारिक संयुक्त आयको लिखतबाट छुट्याउन मिल्ने अवस्था नरहने ।

प्रतिवादी गणेश अर्याललाई सगोल परिवारकै सदस्यको रूपमा अभियोजन पक्षले स्वीकार गरेको, प्रतिवादीका दाजु भाउजुको सम्पत्तिलाई अभियोजनको दायरामा राखी स्रोत पुष्टि भएको वा नभएको भनी यकीन गरी दावी लिएको सन्दर्भ हुँदा विशेष अदालतले अभियोग दावीको प्रकृतिलाई दृष्टिगत गरी सगोल परिवारसहितको प्रतिवादीको आर्जनलाई न्यायोचित अनुमानको आधारमा स्वाभाविक र अस्वाभाविक भनी छुट्याउनुपर्ने अवस्था रहेको र आय र व्ययको बीचमा देखिएको अन्तर कम हुँदा प्रतिवादी गणेश अर्यालको आर्जन स्वाभाविक रहेको देखिँदा प्रतिवादी गणेश अर्यालको आर्जनलाई गैरकानूनी नठहर्‍याई अभियोग दावीबाट सफाइ दिने ठहर्‍याएको विशेष अदालतको मिति २०६३।१०।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल कात्तिक २७ गते रोज २ शुभम् ।

## इजलास नं. ३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६६-CI-०३३१, छुट जग्गा दर्ता गरिपाउँ, *आशाकाजी महर्जनसमेत वि. सूर्यबहादुर बोहोरा*

बिर्ता जग्गा वा रैकर कुन आधारमा कसका नाममा दर्ता हुने भन्ने सम्बन्धमा तेरोमेरोको विवाद उठिरहेको, मौजाको विषय पनि अविवादित नरहेको र कि.नं.१०९ का सम्बन्धमा प्रतिवादी मोही नरहेको समेत उठाइएका सम्पूर्ण विषयका सम्बन्धमा एकैसाथ प्रमाणको मूल्याङ्कन भै हक बेहकको विवाद टुङ्गो लागी प्रस्तुत विवादको निराकरण भै सुरू जिल्ला अदालतबाट न्याय निरूपण हुने नै हुनाले पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६४।११।१९ को फैसला मिलेकै देखिन आएकोले सोमा परिवर्तन गरिरहन परेन । सदर हुने ।

इजजास अधिकृतः अशोककुमार क्षेत्री

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७१ साल भदौ ३ गते रोज ३ शुभम् ।

## इजलास नं. ४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-०७७९, निषेधाज्ञा, *रामनारायण साह वि. सुरेश साह तेलीसमेत*

निवेदकले विपक्षीहरूले कुन कित्तामा घर निर्माण गर्दा सार्वजनिक बाटो मिच्ने आशङ्का भएको हो सो स्पष्ट उल्लेखसमेत गर्न सकेको देखिन

आएन । बाटोमा ढुङ्गा, बालुवा थुपारेको भन्ने आधारमा मात्र आदेश जारी गर्न मिल्ने देखिँदैन । निवेदकले दावी गरेबमोजिम सार्वजनिक बाटो मिची घर बनाउने अवस्थाको विद्यमानता नहुँदा निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०६८।३।१३ गते भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-WO-०१६९, उत्प्रेषण, *डा. तारा मानन्धर वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ को दफा ७ को उपदफा १ को खण्ड (च) बमोजिम निवेदकलाई अवकाश दिएको भन्ने उल्लेख भए पनि उक्त व्यवस्था अवकाशसम्बन्धी व्यवस्था नभई सदस्यसम्बन्धी व्यवस्था गरेको देखिन्छ । यस मुद्दामा लिखित जवाफ पेश गर्दा निवेदिकालाई स्पष्टीकरणको मौका दिइएको थियो भनिए तापनि निजलाई दिइएको अवकाशपत्रमा सो उल्लेख हुन नसकेको समेत अवस्था देखिन्छ । स्पष्टीकरण सोधिने कार्य केवल औपचारिकता निर्वाह गर्नु मात्र होइन । त्यो विधिसम्मत् तरिकाले भएको पनि देखिनु पर्दछ । विधिप्रक्रियाको त्रुटिलाई लिखित जवाफले सच्याउन नसक्ने ।

निवेदिकालाई नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मिति २०६८।४।२६ को अवकाशसम्बन्धी निर्णय तथा तत्सम्बन्धी कामकारवाही र पत्रसमेत मागबमोजिम उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । निवेदिकालाई बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको सञ्चालक समितिको सदस्यमा मनोनयन गरिएको मिति २०६७।१०।९ देखि तीन वर्षको पदावधि कायम रहेसम्मको मिति २०७०।१०।८ गतेसम्म यथावत्‌रूपमा कार्य गर्न दिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः देवीकुमारी चौधरी

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल मङ्सिर ९ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७-WO-०१४६, उत्प्रेषण/परमादेश, *डा. डम्बर खड्का वि. लोकसेवा आयोग केन्द्रीय कार्यलिय, अनामनगर काठमाडौंसमेत*

रिट निवेदक डा. डम्बर खड्का नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मिति २०६८।६।३० को पत्रबाट बढुवा समितिको मिति २०६८।४।२० र लोक सेवा आयोगको सिफारिशबमोजिम नेपाल सरकारको मिति २०६८।६।२९ को निर्णयानुसार नेपाल स्वास्थ्य सेवा जनरल हेल्थ सर्भिसेज समूह अधिकृत नवौं तहको मेडिकल सुपरिटेन्डेन्ट पदमा मिति २०६८।६।२८ गतेदेखि जेष्ठता कायम हुने गरी बढुवा भैसकेको इजलाससमक्ष प्रस्तुत पत्रबाट देखिन्छ । रिट निवेदक जुन प्रयोजनको लागि यस अदालतमा प्रवेश गरेको हो सो पूरा भैसकेकोले प्रस्तुत रिट निवेदन निष्प्रयोजित भइसकेको हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः देवीकुमारी चौधरी

इति संवत् २०७० साल मङ्सिर ९ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** २०६९-WO-०७७०, उत्प्रेषण, *भीमसिंह महरा वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागको मिति २०६९।८।२९ को सरूवापत्र र मिति २०६९।८।२२ को निर्णयानुसार निवेदकलाई पद, अ.हे.ब. तथा पाँचौं उल्लेख गरी निवेदकको पद तथा स्तर नै फरक पर्ने गरी जोगबुढा प्रा.स्वा.के. डडेलधुरामा सरूवा गरेको देखिँदा निवेदकलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागको मिति २०६९।८।२९ को सरूवापत्र तथा मिति २०६९।८।२२ को सरूवा निर्णयानुसार निवेदकले पाएको पद तथा स्तर फरक पर्ने गरी गरेको कानूनविपरीतको सरूवा निर्णय बदर गरिदिएको छ । निवेदकले पाएको पद र स्तर फरक नपारी कानूनबमोजिम मात्र सरूवा गर्नु भन्ने विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः देवीकुमारी चौधरी
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०७० साल मङ्सिर ९ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CR-०९३४, सवारी ज्यान, *कृष्णबहादुर कुँवरसमेत वि. नेपाल सरकार*

चालकले मृतकलाई हेर्नसमेत असमर्थ भएको, घद्र्याक्क आवाज आएपछि पनि ट्रक नरोकी चरम अक्षमता र गैरजिम्मेवारी देखाएको निजको हँकाइको स्तर सक्षम र सतर्क चालकको हँकाइको स्तरभन्दा निकै तल्लो रहेको भन्ने निष्कर्षमा यो इजलास पुगेकोले यसरी दायाँबायाँ नहेरी बाटोको विचार नगरी सवारी चलाउँदा यस्ता व्यक्ति र केटाकेटी आदिको ज्यान मर्नसक्ने ठूलो सम्भावना नरहेको भनी मान्न मिल्दैन । उल्लिखित दुर्घटना जानीजानी भएको होस वा लापरवाही गरी सवारी चलाएको कारणबाट भएको होस उक्त दुईमध्ये कुनै एक कारणबाट सवारी दुर्घटना हुन गई त्यसैको कारणबाट कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसुरको मात्राअनुसार दुई वर्षदेखि दश वर्षसम्म कैद हुनेछ भन्ने सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (२) आकर्षित नहुने कुनै कारण छैन । पुनरावेदक प्रतिवादी कृष्णबहादुरलाई उक्त दफा १६१ को उपदफा (३) लाग्ने वा निजले सफाइ पाउने कानूनसम्मत् आधार रहेको नपाइँदा प्रतिवादी कृष्णबहादुर कुँवरलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) नं. बमोजिम दुई वर्ष कैद र मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ४ नं. बमोजिम थप ६ महिना कैदसमेत र प्रतिवादी गणेश बस्याललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ४ नं. बमोजिम ६ महिना कैद हुने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।३।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल
इति संवत् २०७१ साल जेठ २७ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-WH-००५७, बन्दीप्रत्यक्षीकरण, *जयनारायण मण्डल वि. पुनरावेदन अदालत, राजविराज ससरीसमेत*

विधायिकाले स्पष्टरूपमा कुनै मुद्दाबाट कैद सजाय भएकोमा थुनामा नरहेकोले अर्को कसुर गरेमा थप कैद ठेक्नुपर्ने गरी कानूनी व्यवस्था गरेकै देखिइरहेको अवस्था छ । सोको अतिरिक्त पछिल्लो मुद्दाबाट सफाइ पाइरहेको अवस्थामा सफाइ पाउने फैसलाले लगत कायम नगर्ने हुँदा पहिले नै ठहर भएको अर्कै मुद्दाको लगत आफ्नो फैसलाको तपसिल खण्डमा सच्याउन मिल्ने अवस्था नरहने हुँदा मुलुकी ऐन, दण्ड सजायको

महलको ४१ नं. को व्यवस्थाअनुरूप थुनामा राखिएको देखिँदा थुनामुक्त गरिपाउँ भन्ने निवेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

इति संवत् २०७१ साल जेठ २५ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** २०६७-CR-०६९१, कर्तव्य ज्यान, *नरेन्द्र सिंह धामी वि. नेपाल सरकार*

अपझ्ट घटना घटी सोचविचार नगरी झ्याट्ट बासुलोले हान्दा मृतकको मृत्यु भएको देखिन्छ । यस्तो तत्काल घटना घटेकोमा रिसको झोकमा लाठा, ढुङ्गाले हानेको अवस्थामा ज्यानसम्बन्धीको महलको १४ नं. ले १० वर्ष कैद हुने व्यवस्था गरेको देखिन्छ । तर यहाँ बासुलो जस्तो जोखिमी हतियारको प्रयोग भएको कारणले ज्यानसम्बन्धीको महलको १४ नं. लाग्ने स्थिति नरहे पनि सोही १० वर्ष कैदको लगभगमा कैद सजाय हुन न्यायोचित देखिन्छ । वारदातको रोहबाट प्रतिवादीलाई तत्काल रिस उठेको स्थिति पनि नरहेको र प्रतिवादी स्ययंलाई समेत चोटपटक लागेको स्थिति रहेको तथा अपराध गर्दाको अवस्था, परिस्थिति, मनसाय तयारी उद्देश्य, अपराधप्रतिको पश्चातापभाव, प्रतिवादीको उमेर र निजले न्यायिक प्रक्रियामा पुर्‍याएको सहयोग जस्ता माथि उल्लिखित आधार कारणहरू समेतलाई मध्यनजर राखी निजलाई १० वर्षभन्दा कम कैद वर्ष ८ (आठ) हुनु उपयुक्त देखिन आयो । पुनरावेदन अदालत, नेपालगन्जबाट व्यक्त भएको राय निमिली निज प्रतिवादी नरेन्द्र सिंह धामीलाई कैद वर्ष ८ (आठ) हुने ।

इजलास अधिकृतः केशवप्रसाद घिमिरे

इति संवत् २०७१ साल असार ११ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** २०६७-CR-१२६५, जबर्जस्ती करणी, *यादव गिरी वि. नेपाल सरकार*

पुनरावेदक र पीडितबीच पूर्वदेखिकै सम्बन्ध रहेको र यसपूर्व पनि परस्परमा करणी लिनुदिनु भएको भन्ने देखिएको छैन । पीडितलाई यी पुनरावेदकले करणी गर्न ललाई फकाई निजको सहमति लिएको भन्ने पनि देखिएको छैन । प्रतिवादीमध्येका कुमार राईले बलपूर्वक हात समाई तानी जङ्गलतर्फ लिई गएपछि मात्र यी पुनरावेदक पछिपछि गएका तथा अर्जुन श्रेष्ठ र कुमार राईले मुख थुनी हातखुट्टा समाती पीडितालाई काबुमा लिई जबर्जस्ती करणी गरेपछि यी पुनरावेदकले पनि पीडितको दुबै पाखुरा समाती जबर्जस्ती करणी गरेको तथ्य मौकाको बयानमा निजलगायतका सहअभियुक्तले स्वीकार गरिसकेको अवस्था एकातर्फ रहेको छ भने अर्कोतर्फ समान स्तरका सहअभियुक्तहरू कुमार राई र अर्जुन श्रेष्ठका हकमा सुरू जिल्ला अदालतले कसुरदार प्रमाणित गरी भएको फैसला अन्तिम अवस्थामा रहेको देखिन्छ । सरोज चाम्लागाईले पीडितलाई यी प्रतिवादीसमेत तीनजनाले तानी लगेको देखेको पीडिता रोएको कराएको सुनेको र रूँदै आएको देखेको कुरा अदालतमा समेत आई बकपत्र गरेको अतिरिक्त तीनतीन जनालाई सामूहिकरूपमा पीडिताले आफू सुती करणीलाई आह्वान गरिन् भनी सहज साधारण समझको अनुमानसम्म पनि हुन नसक्ने हुँदासमेत प्रतिवादीले मञ्जूरीबाट करणी गरेका हुन् भन्नसक्ने अवस्था देखिएन । अपितु, सामूहिक जबर्जस्ती करणीको वारदात घटित भएको नै देखिँदा प्रतिवादी यादव गिरीलाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १ नं. तथा ३(३) नं. विपरीतको कसुर गरेको ठहर गरी ऐ. महलको ३(३) नं. बमोजिम ५ वर्ष कैद र पीडितलाई तीनजना भई सामूहिकरूपमा जबर्जस्ती करणी गरेवापत ऐ. महलको ३क नं. अनुसार थप ५ वर्ष गरी १० वर्ष कैद र प्रतिवादीले पाउने अंश भागबाट आधा अंश पीडितालाई

दिलाई दिने गरी मोरङ जिल्ला अदालतबाट मिति २०६६।२।१७ मा भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६७।१०।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः केशवप्रसाद घिमिरे

इति संवत् २०७१ साल असार ११ गते रोज ४ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०७०-WH-०००९, बन्दीप्रत्यक्षीकरण, *राममायाँ के.सी. वि. गीता भट्टराईसमेत*

तुलबहादुरको छोरा ललितपुर झरूवारासी गाविस वडा नं. ४ भनी फैसला भएको र सोही वतन उल्लेख गरी म्याद तामेल हुनुको साथै नागरिकताको प्रमाणपत्रमा समेत झरूवारासी वतन उल्लेख हुँदा, वैदेशिक रोजगार न्यायाधिकरणको फैसला कार्यान्वयनको सिलसिलामा यी निवेदिकाको पति सतनकुमार के.सी. कैदमा रहे बसेको देखिँदा निवेदकलाई कैदमा राखिएको कार्य संविधानविपरीत र गैरकानूनी भएको भन्न मिल्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल पुस ३० गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CR-०३९०, केही सार्वजनिक अपराध, *नेपाल सरकार वि. पदमबहादुर कार्की*

मौकामा बुझिएका व्यक्ति लालबहादुर सारूसमेतले वारदात प्रत्यक्ष आफूले नदेखेको र जाहेरवालालाई प्रतिवादीले कुटपीट गरेको भन्ने सुनेकोसम्म हुँ भनी बकपत्र गरिदिएको साथै कमला डि.सी. र गीता बि.सी. समेतका प्रतिवादीका साक्षीहरूले प्रतिवादी पदमबहादुर कार्कीले जाहेरवालालाई कुटपीट गरेको होइन भनी बकपत्र गरिदिएको देखिएको र आरोपित कसुर गरेकोमा प्रतिवादीले इन्कार रही बयान गर्नुको साथै जाहेरवालाले मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित भै जाहेरी व्यहोरालाई पुष्टि हुने गरी बकपत्र गर्न नसकेको र बुझिएका व्यक्तिहरूले समेत प्रतिवादीले आरोपित कसुर गरेको भनी भन्न नसकेको स्थितिमा प्रतिवादीले आरोपित कसुर गरेको भनी शङ्कारहित तवरबाट भन्न सकिने अवस्थामा देखिन आएन । शङ्काको सुविधा अभियुक्तले पाउँछ (Benefit of doubt goes to the accused) भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तसमेतको आधारमा यी प्रतिवादीले आरोपित कसुर गरेको भन्न मिल्ने नदेखिँदा यी प्रतिवादी पदमबहादुर कार्कीले तरबारलगायतको हतियार प्रयोग गरी प्रस्तुत मुद्दाको वारदातमा सरिक भएको भनी शङ्कारहित तवरबाट आरोपित कसुर प्रमाणित भएको नदेखिँदा पुनरावेदन अदालत, सुर्खेतबाट सुरू जिल्ला प्रशासन कार्यालय, सुर्खेतले गरेको निर्णय उल्टी गर्दै प्रतिवादीलाई अभियोग दावीबाट सफाइ दिने ठहर्‍याएको मिति २०६७।१२।८ को फैसला मुनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

इति संवत् २०७० साल मङ्सिर ६ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CR-०२३८, अदालतको अवहेलना, *अधिवक्ता बद्रीप्रसाद शर्मा उपाध्याय वि. जिल्ला विकास समितिको कार्यालय, बागलुङसमेत*

निवेदकको जग्गा बाटोमा परेको बापतको मुआब्जा रकम निकासा भै आएपश्चात् विधिवत् सरकारी माध्यमबाट बुझ्न आउन बोलाउँदासमेत पत्र नबुझी अत्तो थापी हुलाकबाट पत्र फिर्ता भएको भन्ने देखिएको र निवेदकले मुआब्जा बुझ्न

बाँकी भए मुआब्जा बुझ्न सम्बन्धित निकायमा गएको खण्डमा रकम पाउन सक्ने नै देखिनाले निवेदन मागबमोजिम अदालतको आदेशको अवहेलना भयो भनी विपक्षीहरूलाई अदालतको अवहेलनामा सजाय गर्न नमिल्ने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

इति संवत् २०७० साल मङ्सिर २० गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-०५०५, परमादेश, *अधिवक्ता सुनिल रजन सिंहसमेत वि. न्याय परिषद्, न्याय परिषद्को सचिवालय, सर्वोच्च अदालत रामशाहपथ काठमाडौंसमेत*

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०२(५) उल्लेख गरी प्रस्तुत निवेदन दायर गरेको देखिन्छ । संविधानको सो धारामा भएको व्यवस्था हेर्दा "सर्वोच्च अदालतमा प्रधान न्यायाधीशको अतिरिक्त बढीमा चौध जनासम्म अन्य न्यायाधीशहरू रहने छन् । कुनै समयमा सर्वोच्च अदालतमा मुद्दाको सङ्ख्या बढ्न गई न्यायाधीशहरूको सङ्ख्या अपर्याप्त हुन गएमा कुनै निश्चित् अवधिका लागि अस्थायी न्यायाधीश नियुक्ति गर्न सकिनेछ ।" भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । उक्त व्यावस्थालाई हेर्दा सर्वोच्च अदालतमा स्थायी न्यायाधीशहरूको सङ्ख्या चौधभन्दा कम भएको स्थितिमा अस्थायी न्यायाधीश नियुक्ति गर्न नमिल्ने भनी स्पष्टरूपमा व्यवस्था भएको देखिँदैन । अतः सर्वोच्च अदालतमा स्थायी न्यायाधीशहरूको पद रिक्त रहेको अवस्थामा अस्थायी न्यायाधीशको नियुक्ति गर्न मिल्ने नै देखिने ।

न्याय परिषद्को मिति २०६९।१२।२९ को निर्णयले यस अदालतमा अस्थायी न्यायाधीशहरूको नियुक्ति भए तापनि हाल निजहरूको पदावधि समाप्त भई स्थायी न्यायाधीशहरूको नियुक्ति भैसकेको अवस्था छ । यसरी अस्थायी न्यायाधीशहरूको पदावधि समाप्त भै सो स्थानमा स्थायी न्यायाधीशहरूको नियुक्ति भैसकेको स्थितिमा प्रस्तुत निवेदनको प्रयोजन समाप्त भएको देखिन्छ । यसर्थ निवेदन मागबमोजिम आदेश जारी गर्न मिल्ने अवस्था नहुँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः चाणकमणि अर्याल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल असार १८ गते रोज ४ शुभम् ।

- यसै प्रकृतिको ०६९-WO-१२०१, उत्प्रेषणसमेत, *अधिवक्ता रामराज शिवाकोटी वि. न्याय परिषद् सचिवालय रामशाहपथ, काठमाडौंसमेत*

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-RC-००६३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. फत्तबहादुर घर्ती*

प्रतिवादीले अदालतसमक्ष गरेको बयानमा कसुरमा इन्कार रहे तापनि जाहेरी दरखास्त, घटनास्थलमा बुझिएका व्यक्ति तथा अधिकारप्राप्त अधिकारी एवम् अदालतसमक्ष गरेको बकपत्रसमेत तथा मृतकको भिसेरा परीक्षण प्रतिवेदनसमेतबाट निज प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान पुष्टि हुन आई निज प्रतिवादीले आफ्नै श्रीमती मृतक भिउसरा घर्तीलाई घाँटी थिची कर्तव्य गरी मारेको तथ्य पुष्टि हुँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी सुरू सल्यान जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, तुलसीपुर, दाङबाट मिति २०७०।१।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

प्रतिवादी सवारी दुर्घटनामा परेको अवस्था, वारदातको समयमा मादक पदार्थ सेवन गरेको स्थिति र खर्चस्वरूप श्रीमतीसँग माग गरेको रकम नपाएको झोक आदिसमेतलाई विचार गर्दा निजलाई

कैद वर्ष १०(दश) को सजाय गर्दा न्यायिक दृष्टिले अपराध र सजायमा सन्तुलन हुन जाने देखिएकोले मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको १८८ नं. बमोजिम प्रतिवादीलाई १० वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः चाणकमणि अर्याल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७१ साल असार २० गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** २०६७ सालको विविध फौ.पु. नं. ००११, अदालतको अवहेलना, *सुनिलकुमार यादव वि. शङ्कर पाण्डेसमेत*

विपक्षीद्वारा पेश गरिएको लिखित जवाफ हेर्दा अदालतको आदेशलाई जानाजान अवज्ञा गर्ने किसिमको देखिँदैन । नामकरणको विषय नै प्रक्रियाको रूपमा रहेको पाइयो । जुन कार्यविधिसम्मत् तवरबाट पूरा गर्न प्रक्रियामा गइन्छ भने त्यस्तो कार्यलाई अदालतको अवहेलनाको विषय बनाइन हुन्न भन्ने यस इजलासको ठहर छ । त्यसमा पनि प्रक्रिया पूरा भईसक्दा पनि अदालतको आदेशको अवज्ञाको स्थिति आए त्यसको उपचार माग्ने द्वार खुला रहने हुँदा हाल प्रतिवादीहरूलाई सजाय गर्नुपर्ने अवस्था नदेखिँदा अदालतको अवहेलनामा विपक्षीहरूलाई सजाय गरिपाउँ भन्ने प्रस्तुत निवेदन दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः चाणकमणि अर्याल
इति संवत् २०७१ साल जेठ २२ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** मुद्दा नं. २०६९-CR-००३१, भ्रष्टाचार, *अकलबहादुर शाही वि. नेपाल सरकार*

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रतिवादीको शैक्षिक प्रमाणपत्र नक्कली भएको भने तापनि प्रतिवादीले नक्कली होइन भनी विश्वविद्यालयको सत्यापनपत्र पेश गरेकोले सो सम्बन्धमा कुन व्यहोरा सत्य हो बुझी पेश गर्न प्रतिवादीबाट पेश भएको सत्यापनपत्रको प्रतिलिपिसहित त्रिभुवन विश्वविद्यालयमा विशेष अदालत, काठमाडौंबाट पत्राचार हुँदा त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालय, पाठ्यक्रम विकास केन्द्र कीर्तिपुरको पत्र सङ्ख्या ८१३।०६८।०६९ मिति २०६८।०८।०९ को पत्रसाथ सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी भारतको पत्राङ्क ८४९५/११ दिनाङ्क ८-११-११ को पत्र मिसिल संलग्न रहेको र सो पत्र अध्ययन गर्दा पत्राङ्क १३६८० दिनाङ्क ९-९-२०१० को पत्र फर्जी हो । अभिलेखअनुसार अनुक्रमाङ्क २८९८१ मा 'लालजी पी. श्री अल्लारामका नाम मुद्रित है अतः संलग्न पत्र फर्जी है' भनी उल्लेख भएको देखिँदा प्रतिवादीलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर ठहर गरी निजलाई सोही ऐनको दफा १२ र २९(२) बमोजिम रू.५००।- जरीवाना गर्ने गरी विशेष अदालत, काठमाडौंबाट मिति २०६८।१२।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः चाणकमणि अर्याल
इति संवत् २०७१ साल जेठ २० गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६९-CR-००३०, भ्रष्टाचार, *जनकबहादुर शाही वि.नेपाल सरकार*

त्रिभुवन विश्वविद्यालयमार्फत् प्राप्त भएको प्रतिवादी अध्ययन गरेको भनिएको सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय वाराणसीको पत्रबाट प्रतिवादीले पेश गरेको सत्यापनपत्र फर्जी देखिएको र प्रतिवादीले प्राप्त गरेको अनुक्रमाङ्क २८९८० को प्रमाणपत्रमा अरू नै व्यक्तिको नाम उल्लेख भएको देखिँदा आफूले प्राप्त गरेको शैक्षिक प्रमाणपत्र सत्य भएको भन्ने प्रतिवादीको पुनरावेदन जिकीरलाई मनासिब मान्न सकिएन ।

तसर्थ प्रतिवादीलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर ठहर गरी निजलाई सोही ऐनको दफा १२ र २९(२) बमोजिम रू. ५००।- जरीवाना गर्ने गरी विशेष अदालत, काठमाडौंबाट मिति २०६९।१।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : चाणकमणि अर्याल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७१ साल जेठ २० गते रोज ३ शुभम् ।

९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CR-०७७५, जबर्जस्ती करणी, *नेपाल सरकार वि. रामबहादुर कार्की*

कुनै कसुरका सम्बन्धमा पछि जारी भएको ऐनले चाहे त्यो Condified नयाँ कानून होस् वा Consolidated कानून होस् वा संशोधित दफा होस्, सजाय घटाएको वा अभियुक्तलाई सुविधा दिएको छ भने कानूनमा स्पष्टरूपमा अन्यथा व्यवस्था गरेकोमा बाहेक अन्य अवस्थामा सिद्धान्ततः त्यस्तो पछिल्लो कानून वा दफाको प्रयोग गर्न मिल्ने नै हुन्छ । त्यसरी निर्मित वा परिमार्जित कानून ex post facto law भित्र नपर्ने भएको हुँदा र पुनरावेदन अदालत, हेटौंडाबाट फैसला हुँदाका बखत मिति २०६३।७।१७ को संशोधनले मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३ नं. को देहाय ३ बमोजिम १४ वर्ष वा सोभन्दा बढी, १६ वर्ष भन्दा कम उमेरकी बालिका भए ६ वर्षदेखि १० वर्षसम्म सजाय हुनसक्ने कानूनी व्यवस्था निर्धारण गरेको देखिएकोले प्रतिवादी रामबहादुर कार्कीलाई ६ वर्ष कैद सजाय गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला परिवर्तन गर्नुपर्ने अवस्थाको नदेखिएको हुँदा सदर हुने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल जेठ २५ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६६-CR-०८०२, कर्तव्य ज्यान, *चक्रबहादुर डाँगी वि. नेपाल सरकार*

प्रतिवादीको कार्य निरन्तर नभई पहिले हातले घाँटी थिचेको पछि हँसिया झिकेर तार काटेको त्यसपछि मात्र मृतकको घाँटीमा बेरी कसेको देखिएको हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम निर्धारित तत्कालको आवेशप्रेरित हत्याको वर्गमा प्रस्तुत वारदात पर्न नसक्ने देखिएकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सजाय गर्ने गरेको सुरू सल्यान जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, तुलसीपुर, दाङको मिति २०६६।१०।६ को फैसला सदर हुने ।

वारदात हुँदा निज प्रतिवादी पूर्व रिसइबि लिई अथवा पूर्व मनसाय लिई मृतकको घरमा गएको अवस्था नदेखिएको, मृतकले नै बोलाएर यी प्रतिवादी मृतकको घरमा गएको देखिएको, निजले अनुसन्धानको क्रममा अनुसन्धान अधिकारीलाई सहयोग गरेको देखिएको, घटनाको वस्तुस्थिति, घटनाको समग्र परिस्थिति तथा वारदात हुँदा प्रतिवादीको उमेरसमेतलाई विचार गर्दा, निज प्रतिवादीलाई ऐनबमोजिम हुने हदैसम्मको सजाय गर्दा चर्को हुने देखिएको र मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १५ वर्ष कैद गर्दा न्यायको उद्देश्यसमेत परिपूर्ति हुने देखिएकोले प्रतिवादी चक्रबहादुर डाँगीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष १५ हुने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल जेठ २५ गते रोज १ शुभम् ।

११

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-१००९,

बन्दीप्रत्यक्षीकरण, *राजकुमार कार्की वि. कारागार कार्यालय, झापासमेत*

रोहित कार्की र राजकुमार कार्की दुबै नाम भएका व्यक्ति यिनै निवेदक हुन् भन्ने मिसिल कागजातबाट निर्विवाद स्पष्ट पुष्टि हुन नसकेको प्रस्तुत अवस्थामा सिर्जिएको अस्पष्टताको दायित्व अनुमानकै भरमा निवेदक विरूद्ध प्रयोग गर्न मिल्दैन । यस्तो स्थितिमा benefit of doubt goes to the accused भन्ने न्यायको मान्य सिद्धान्त तथा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित "शङ्कास्पद स्थितिमा कुनै व्यक्तिलाई थुनामा राख्नु नेपालको संविधान र प्रचलित नेपाल कानूनको विपरीत हुने भन्ने (नेकाप २०३४, अङ्क ११, नि.नं.१११४, पृ.३३२) भन्ने सिद्धान्तसमेत आकृष्ट हुने भएकोले यस्तो शङ्काको अवस्थामा कुनै व्यक्तिलाई थुनामा राख्दा संविधानप्रदत्त वैयक्तिक स्वतन्त्रताको अपहरण हुन जाने हुँदा निवेदक राजकुमार कार्कीलाई पक्राउ गरी कैदी पूर्जी दिई थुनामा राखिएको र सो कार्यलाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, इलामको मिति २०७०।३।२ को आदेश प्रचलित कानून न्यायका मान्य सिद्धान्त तथा सर्वोच्च अदालतबाट प्रतिपादित नजीरसमेत प्रतिकूल भई त्रुटिपूर्ण देखिँदा बदर गरिदिएको छ । निवेदक राजकुमार कार्कीलाई गैरकानूनीरूपमा थुनामा राखेको देखिएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल जेठ २५ गते रोज १ शुभम् ।

## इजलास नं.८

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CI-००४५, अबन्डा जग्गा बन्डा गरिपाउँ, *हेमलाल खोसीसमेत वि. मेनका खोसी*

वादीहरूले जग्गाको मूल्य कुल बिगो १ लाख ७८ हजार खुलाई सोको रू.४८३० र दर्ताचलनको रू.२०० कोर्टफी दाखिल गरे पनि हामीलाई जानकारी नदिई विपक्षीहरूबाट के कति जग्गा दर्ता गरे र के कति दर्ता गर्न बाँकी रहेका पैतृक जग्गाहरू छन् सोसमेत सम्पूर्ण जग्गा विपक्षीहरूबाट अंशबन्डाको २०, २१, २२ र २३ नं. बमोजिम तायदाती फाँटवारी दाखिल गर्न लगाई पैतृक निजी गुठीको जग्गा बन्डा नहुने हुँदा संयुक्त दर्ता तथा बन्डा गर्नुपर्ने पैतृक जग्गाहरूको ३ भाग लगाई फिरादीहरूको २ भाग छुट्याईपाउँ भन्ने वादी दावी देखिन्छ । २०२५ सालमा लिखत खडा गरी छुट्टी भिन्न भएको कुरामा मुख मिलेको र त्यसपछि पटकपटक अबन्डा रैकर र गुठी जग्गामा मुद्दा परी हारजीत भएको र कतिपय जग्गा संयुक्त दर्तासमेत भएको अवस्थामा पुनः तायदाती फाँटवारी लिई फिरादीहरूको २ भाग छुट्याई पाउँ भन्ने वादी दावीमाथि उल्लेख भएबमोजिम पुग्नसक्ने नदेखिँदा पटकपटक एउटै विषयमा नालिस गर्नु कानून र न्यायसम्मतसमेत नभएको कारणबाट अबन्डा जग्गा बन्डा गरिपाउँ भन्ने वादी दावी पुग्न नसक्ने ठहर्‍याई सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०६४।८।१६ मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६५।११।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल असार ३१ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CI-००४६, खिचोला

मेटाई निजी गुठी हक कायम, *चुँडामणि शाक्यसमेत वि. हेमलाल खोसीसमेत*

गुठी जग्गा सदासर्वदा गुठी नै रहन्छ । सार्वजनिक जग्गामा जे जस्तो हारजीत वा दर्ता भए पनि मालपोत ऐन, २०३४ को प्रमाण पुगेको अवस्थामा सो जग्गाको व्यक्ति विशेषको दर्ता दूषित हुन गै स्वतः बदर हुन्छ । त्यही कुरा गुठी जग्गाको हकमा लागू हुन्छ । यस स्थितिमा सो कार्यालयको निर्णय नपर्खी विवादित जग्गाहरूको बारेमा यस मुद्दाबाट बोल्नु अपरिपक्व हुने भएकोले मालपोत कार्यालयबाट निर्णय नभएसम्म प्रस्तुत विषयमा निरूपण नगरेको भए उपयुक्त हुन्थ्यो । तथापि माथि उल्लेख भएबमोजिम विवादित जग्गाहरू कुनै एक पक्षको नाममा दर्ता भै मोठ लगत कायम हुने काम अद्यापि सम्पन्न हुन नसकेको र प्रस्तुत विवाद मालपोत कार्यालयमा विचाराधीन नै रहेको अवस्थामा तहाँबाट दर्ताको टुङ्गो नलाग्दै यसमा वादीहरूको हक पुग्छ भन्नु उपयुक्त नहुने ।

वादी दावी पुग्छ भनी सुरू र पुनरावेदन अदालतको निर्णय उल्टी गर्नु प्रयोजनहीन हुनुका अतिरिक्त कानून र न्यायसङ्गतसमेत नरहेकोले वादी दावी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६५।११।१३ को फैसलाको निचोड ठहरसम्म सदर हुन्छ । पुनरावेदक वादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल असार ३१ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-WO-०११४, उत्प्रेषण/परमादेश, *सैनी उरामन वि. भूमिसुधार कार्यालय, मोरङ्समेत*

निवेदकलाई बुझ्दै नबुझी यावत कारवाही गुपचुपरूपमा भएको, सोको जानकारी निवेदक मोहीले उल्लेख गरेको मिति भन्दा पहिले भएको नदेखिएको, कारवाहीको उठान ज्यादै कपटपूर्ण भै यसबाट Miscarriage of Justice भएकोले न्यायिक स्वच्छता र विधिको शासनको सम्मान र स्वेच्छाचारिता तथा न्यायिक अराजकताको समाप्तिको लागि पनि विवादित निर्णय कायम रहन नसक्ने हुँदा म्याद बदरमा आउनुपर्ने, विलम्ब लाग्ने जस्ता विपक्षीहरूको तर्कको कुनै औचित्य नहुँदा निवेदन दावीका कि.नं. ६४ र ८० का जग्गामा रहेको निवेदकको मोही लगत कट्टा गरेको भूमिसुधार कार्यलय, मोरङको मिति २०५५।२।४ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

इति संवत् २०७० साल असार २६ गते रोज ५ शुभम् ।

## इजलास नं.९

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०७०-CI-०२९३, अंश, *देवकुमारी गिरी वि. लालबहादुर गिरी*

सिङ्गापुरमा पुलिसमा जागिर गर्दै आफ्नो निजी ज्ञान, शीप र प्रयासबाट आर्जन गरेको पैसबाट दाङ, घोराही ८ख को कि.नं. २०५४ र २०५६ समेतको ज.बि.०-१-३$^{1}/_{2}$ जग्गा सम्पत्ति खरिद गरेको भनी प्रत्यर्थी प्रतिवादी लालबहादुर गिरीले जिकीर लिएकोमा सोलाई पुष्ट्याइँ गर्नका लागि निज सिङ्गापुर प्रहरीमा कार्यरत् रहेको भनी British Gurkhas Kathmandu, British Forces Post Office 4 ले To whom it may concern भनी मिति 4 Jan 2011 मा दिएको नोकरी र तलबवापत रकमसेमत प्राप्त गरेको सम्बन्धी कागजातहरूको प्रतिलिपि प्रमाणस्वरूप पेश गरेको देखिँदा निजी आयआर्जन गरी उपरोक्त कि.नं.२०५४ र २०५६ को

जग्गा खरिद गरेको तथ्यको पुष्ट्याइँ भएको पाइँदा वादीलाई फाँटबारीमा उल्लेख भएको सम्पूर्ण सम्पत्तिको चार भागको १ भाग वादीले अंशवापत पाउने ठहर्छ भन्ने दाङ देउखुरी जिल्ला अदालतबाट भएको फैसलालाई केही उल्टी गरी वादीका सौतेलो छोरा लालबहादुर गिरीको नाउँ दर्ताको सम्पत्ति निजको निजी आर्जनको सम्पत्ति हुने र वादीले आफ्ना स्वर्गीय पति प्रतिवादी वेदु गिरीको नाममा दर्ता रहेको जग्गाहरूको ४ भागको १ भागसम्म अंश मात्र पाउने भनी पुनरावेदन अदालत, तुलसीपुरबाट भएको मिति २०६९।११।२१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः रामानन्दप्रसाद अधिकारी

इति संवत् २०७१ साल असार २७ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६८-WO-११४०, उत्प्रेषण, *रामविलास महतो कोइरी वि. कृषि विकास मन्त्रालयसमेत*

यस अदालतको मिति २०६९।२।२५ को अन्तरिम आदेशको कृषि विभागको मिति २०६९।१।६ को निर्णय तथा उक्त विभागको च.नं.६५४ मिति २०६९।१।७ को पत्र कार्यान्वयन नभै यी निवेदक कृषि विभागको मिति २०६८।११।२८ को सरूवा निर्णयबमोजिम कृषि विकास कार्यालय, उदयपुरमा नै यथावत्‌रूपमा कार्यरत् रहेको अवस्था भएको र उक्त कानूनी प्रावधानअनुसारको भौगोलिक क्षेत्रमा बस्नुपर्ने समयावधिसमेत पूरा भैसकेको देखिन्छ भने विपक्षी कृषि विभागको लिखित जवाफको प्रकरण २(ङ) मा आगामी सरूवामा निजको सरूवा व्यवस्थापन गरिने भनी प्रतिबद्धता जनाएको समेत देखियो । यसरी हाल बहाल रहेको कार्यालयमा कानूनअनुसार सेवा गर्नुपर्ने समयावधि पूरा भैसकेको अवस्थामा निवेदन मागबमोजिम सोही कार्यालयमा यथावत् राख्नु भनी आदेश गर्दा उक्त कानूनविपरीत हुनजानेसमेत देखिएकोले निवेदन मागबमोजिम रिट जारी गरिरहन पर्ने अवस्था देखिन आएन । अब गरिने सरूवामा कानूनको परिधिभित्र रही सरूवा व्यवस्थापन गरिने भनी कृषि विभागले आफ्नो लिखित जवाफमा प्रतिबद्धता जनाएकोसमेत हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः सूर्यप्रसाद रेग्मी

कम्प्युटरः गीता घिमिरे गिरी

इति संवत् २०७१ साल साउन २० गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०६८-CR-०१३४, नकबजनी चोरी, *नेपाल सरकार वि. भुनचुन भन्ने रोशन दास तत्मासमेत*

अदालतसमक्ष परीक्षण नभएको साक्षी प्रमाणलाई प्रमाणको रूपमा ग्रहण गरी त्यस्तो प्रमाणलाई आधार बनाई फौजदारी अपराधमा कसुर ठहर्‍याउन मिल्ने हुँदैन । प्रस्तुत मुद्दामा प्रतिवादीहरूले अदालतमा आरोपित कसुरमा इन्कार रही बयान गरेका छन् भने अदालतसमक्ष उपस्थित भई परीक्षण नै नभएको साक्षी प्रमाणको अभावमा अधिकारप्राप्त अधिकारीसमक्ष भएको साबिति बयान र बरामदी मुचुल्काको आधारमा मात्र यी प्रतिवादीहरूलाई दोषी मानी आपराधिक दायित्व बहन गराउनु फौजदारी न्यायको सिद्धान्तसमेतको प्रतिकूल हुन जाने ।

प्रतिवादीहरूले अभियोग माग दावीबमोजिमको कसुर गरेको कुराको पुष्ट्याइँ वादी पक्षले ठोसरूपमा गराउन सकेको नदेखिएकोले शङ्काको सुविधा प्रतिवादीहरूले पाउने नै हुँदा प्रतिवादीहरूलाई आरोपित कसुरमा सजाय गर्ने गरी सुरू धनुषा जिल्ला अदालतबाट मिति २०६३।१२।४ मा भएको फैसला उल्टी गरी निजहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरी मिति २०६७।३।१० मा पुनरावेदन अदालत,

जनकपुरबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मनोज श्रेष्ठ

कम्प्युटरः सबिना अधिकारी

इति संवत् २०७१ साल असार १९ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** २०६६-CI-०६७९, परमादेश, *देवीप्रसाद अधिकारी वि. जिल्ला प्रहरी कार्यालय, झापासमेत*

पुनरावेदकले आफ्नी श्रीमतीको हत्या योगेशचन्द्र महतोको नेतृत्वमा रहेको सुरक्षा फौजअन्तरगतका ५ जना सादा पोसाकका सुरक्षाकर्मीहरूले गरेको भनी किटान गरी जाहेरी दिन जाँदा सो जाहेरी दर्ता गरी सबूद प्रमाण सङ्कलन गर्ने, घटनास्थल प्रकृति मुचुल्का तयार गर्ने, Post Mortem Report को लागि पठाउने जस्ता कार्यहरू गरी अनुसन्धानसम्बन्धी जे जो बुझ्नुपर्ने हुन्छ सो गरेर आफ्नो रायसहित जिल्ला सरकारी वकील कार्यालयमा पठाउनुपर्ने र दर्ता गर्न नमिल्ने भए कानूनबमोजिम दरपीठ गर्नुपर्ने कानूनी दायित्व भएको जिल्ला प्रहरी कार्यालयले प्रमाण नभएको, Post Mortem Report नभएको, ढिला गरी आएको भन्ने जस्ता अड्चन थापी जाहेरी नलिनु उक्त संवैधानिक र कानूनी व्यवस्थाको पालना नगरेको भन्ने स्पष्ट हुन्छ । कुनै पनि व्यक्तिलाई कानूनबमोजिम बाहेक कसैको हत्या गर्न पाउने छुट कानूनले प्रदान गरेको छैन । जोसुकै व्यक्तिले कानूनको उल्लङ्घन गरी कुनै कसुरजन्य अपराध गरेको छ भने त्यस्तो व्यक्तिले कानूनबमोजिम सजाय पाउनु नै पर्ने हुन्छ । प्रस्तुत मुद्दामा जो जसउपर किटान गरी यी पुनरावेदकले जाहेरी हो वा अरू कुनै कारणबाट मृत्यु हुन गएको हो भन्ने कुरा अनुसन्धान तहकीकात गरेपछि सङ्कलित सबूद प्रमाणबाट पुष्टि हुने विषय भएकोले सुरूमै जाहेरी दरखास्त दर्ता नै नगरी अनुसन्धानबिना प्रमाण नपुगेको भन्ने अनुमानित तर्क गरी जाहेरी दरखास्त दर्ता गर्न इन्कार गर्नु कानूनसङ्गत् नहुने ।

आफूसमक्ष कसैले जाहेरी दिन ल्याउँदा जाहेरी दर्ता वा दरपीठ गर्न इन्कार गर्ने अधिकार विपक्षी जिल्ला प्रहरी कार्यालयलाई हुँदैन । त्यसकारण यी पुनरावेदक निवेदकले रीतपूर्वकको जाहेरी लिई दर्ता गराउन आएमा दर्ता गर्न नमिल्ने भए सोको लिखत जानकारी निजलाई गराई र दर्ता गर्न मिल्ने भए दर्ता गरी अनुसन्धान कार्य पूरा गरी मुद्दा चलाउनुपर्ने हो होइन भन्ने विषयमा निर्णय गरी मुद्दा चलाउन पर्ने देखिएमा कानूनबमोजिम मुद्दा चलाउनु र मुद्दा चलाउन नपर्ने देखिए सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २० बमोजिमको सूचना जाहेरवालालाई दिनु भनी जिल्ला प्रहरी कार्यालय, झापाको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः सूर्यप्रसाद रेग्मी

कम्प्युटरः सबिना अधिकारी

इति संवत् २०७१ साल असार २ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-०९३८, कर्तव्य ज्यान, *लक्ष्मी फुँयाल वि. नेपाल सरकार*

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानलाई अन्य परिस्थितिजन्यरूपमा सङ्कलित प्रमाणहरूले मालाकाररूपमा (Chain of Evidence) समर्थन गरेको देखिन्छ । अतः निजको उक्त साबिती बयान अन्यथा नभै वास्तविकतामा आधारित रहेको स्वेच्छापूर्वकको भएको देखिन आयो । यस अवस्थामा प्रतिवादीलाई दावीको कसुरबाट उन्मुक्ति दिन मिल्ने अवस्था नदेखिँदा प्रतिवादी लक्ष्मी फुयाँललाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको काठमाडौं जिल्ला अदालतबाट मिति

२०६७।१२।९ मा भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।७।५ को फैसला मिलेको देखिँदा सदर हुने ।

प्रतिवादी लक्ष्मी फुँयालले आफूलाई विहे गर्ने आशामा पुरूष साथीसँग शारीरिक सम्बन्ध राखेबाट गर्भ रहन गएको हो पछिसम्म विवाह हुने भन्दाभन्दै महिना पुगी विवाह हुनुपूर्व कुमारी आमा बन्न बाध्य भएकोले आफ्नो सामाजिक मानमर्यादा इज्जतमा आँच आउने डरले निज प्रतिवादीबाट सो अपराधजन्य कार्य हुन गएको मिसिल संलग्न प्रमाणबाट देखिन आउँछ । अतः प्रस्तुत वारदातको रूप र अवस्था विचार गर्दा प्रतिवादीलाई कानूनबमोजिम तोकिएको सर्वस्वसहित जन्मकैदको सजाय दिँदा चर्को पर्ने भनी अ.बं.१८८ नं. प्रयोग गरी निजलाई कैद वर्ष ४ सजाय हुने ।

इजलास अधिकृतः रामानन्दप्रसाद अधिकारी

इति संवत् २०७१ साल असार ९ गते रोज २ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री तर्कराज भट्ट,** ०७०-WO-०४८८, उत्प्रेषण, *खिमान सिंह बस्नेत वि. सार्वजनिक खरिद पुनरावलोकन समिति, ताहाचल काठमाडौंसमेत*

साधिकार सार्वजनिक निकाय श्री नं.२४ बाहिनी अड्डा देवल डाँडा ब्यारेक, जुम्लाबाट आफ्नो बोलपत्र अस्वीकृत भएपछि सोको कारण थाहा पाउन यी निवेदकले २०७०।९।१ मा निवेदन दिएकोमा सो निकायबाट सोही दिन प्रेषित कारणसहितको जानकारी मिति २०७०।९।९ मा प्राप्त भएपछि सो मितिले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५०(१) बमोजिम ७ दिनभित्र अर्थात् ऐ १२ गतेभित्र पुनरावलोकन समितिमा निवेदन दिनुपर्ने देखिन्छ । तर निवेदकले पुनरावलोकन समितिमा म्यादिभत्र नैं निवेदन दायर गरेको भन्न सकेको देखिन आएन । साथै यो यस कारणबाट मेरो निवेदन हदम्यादभित्र छ भनी निवेदकले सबूद प्रमाणसहित निवेदनमा जिकीर लिन सकेको देखिन आएन । साधिकार निकायसमक्ष उजुरी निवेदन नदिई अन्य निकायमा गरेको निवेदनको आधारमा हदम्याद रहेको भनी जिकीर लिनु कानूनसम्मत भन्न मिल्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल माघ ८ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री तर्कराज भट्ट,** ०७०-WO-०४८९, परमादेश, *अधिवक्ता सल्लु तिवारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

संविधानसभाको निर्वाचन सम्पन्न भई प्रत्यक्ष र समानुपातिकतर्फ समेतको संविधानसभा सदस्यहरूको अन्तिम नतिजा प्रकाशित भएपश्चात् नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६९ बमोजिम व्यवस्थापिका संसद र संविधानसभाको बैठकसमेतको आह्वान भैसकेको सन्दर्भमा प्रस्तुत रिट निवेदनबाट तथ्यमा प्रवेश गरी संविधानसभाको गठन तथा बैठक आह्वानको प्रक्रिया सम्बन्धमा बोलिरहनुपर्ने अवस्था र औचित्य विद्यमान रहेको नदेखिँदा औचित्यको सिद्धान्त (Principle of Rationality) समेतको आधारमा कारण देखाउ आदेशलगायत निवेदन मागबमोजिम कुनै पनि आदेश जारी गरिरहनुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

इति संवत् २०७० साल माघ ८ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-००१३, उत्प्रेषणसमेत, *किशोर महर्जन वि. कृष्ण महर्जनसमेत*

मुलुकी ऐन, अंशबन्डाको महलको १९ नं. र ऐ लेनदेन व्यवहारको महलको ८ र ९ नं. ले सोही अवधारणा स्वीकार गरेको देखिन्छ । विपक्षी आमा र दाजु खासगरी आमाले निवेदकको अहित हुने कारोबार गर्ने कुराको अनुमान गर्न सकिँदैन र रिटबाट सो कुराको छिनोफानो पनि गर्न मिल्दैन । विवादित ऋण र धितोका सम्बन्धमा तत्कालीन राष्ट्रिय वाणिज्य बैङ्क ऐन, २०३१ र हालको बैङ्क तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ तथा बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ आकर्षित हुने हुँदा ती कानूनबमोजिम उक्त कारोबार गैरकानूनी र अवैध भएको भन्ने निवेदन जिकीर देखिँदैन । प्रस्तुत कारोबारमा निवेदकले कानूनको स्पष्ट त्रुटि औंल्याउन नसकेको र कारोबार भएको मितिबाट अत्यधिक विलम्ब गरी रिट दिएको समेतबाट प्रथम दृष्टिमा नै रिट निवेदन खारेजभागी देखिएकोले विपक्षीहरूबाट लिखित जवाफ माग्ने आदेश गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

इति संवत् २०७१ साल साउन १२ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-००१५, उत्प्रेषणसमेत, *रेवन्ता शाह सिंह ठकुरी वि. टिकाबहादुर सिंह ठकुरीसमेत*

अ.बं.१७ नं. अन्तर्गतका आदेशले फैसला गर्ने अदालतले स्वतन्त्ररूपमा फैसला गर्नसक्ने कुरालाई कुनै पनि हालतमा प्रभावित गर्न नसक्ने हुँदा जालसाजी मुद्दाको वादी दावीका सन्दर्भमा सुरू दाङ देउखुरी जिल्ला अदालत, पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७१।३।१९ का आदेशका बाबजुद विवादित लिखत जालसाजी हो होइन र त्यसबाट निवेदिका वादीलाई असर पर्छ पर्दैन भन्ने कुरामा अन्य उपयुक्त आदेशहरू गरी विचाराधीन जालसाजी अंश चलन मुद्दामा ठहर निर्णय गर्नसक्ने नै देखिन्छ । यसरी निवेदन जिकीरका मुद्दाहरू सक्षम अदालतमा विचाराधीन रहेको र उक्त उपचार रिटभन्दा प्रभावकारी रहेकोले प्रस्तुत विषयमा निवेदिकाको मागबमोजिम विपक्षीहरूबाट लिखित जवाफ मगाउनका लागि प्रारम्भिक आदेश जारी गर्नुपर्ने देखिएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल साउन १२ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-WO-०९७३, परमादेश, *अधिवक्ता मनोहर साहसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले उल्लेख गर्नुभएको स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ८८(१) को पनि प्रस्तुत विषयसँग कुनै सम्बन्ध रहेको देखिँदैन । निवेदकले दफा ८८(२) को पनि उल्लेख गर्नुभएको छ तर सो दफा र दफा ७२ समेतका दुबै दफा नगरलाई चाहिने पूर्वाधारसँग सम्बन्धित छन् । दफा ८८ (२)(ग) मा कम्तीमा बीस हजार र न्यूनतम् पचास लाख रूपैयाँ वार्षिक आयस्रोत तथा विद्युत, सडक, खानेपानी, सञ्चार र अन्य त्यस्तै न्यूनतम् शहरी सुविधा भएको अर्धशहरी क्षेत्र भन्ने कुरा र उपदफा (३) मा उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यसअघि कायम भइसकेका नगरपालिकालाई यस व्यवस्थाले असर पार्ने छैन भनी उल्लेख भएबाट ती कानूनअन्तर्गत नगरक्षेत्र निर्धारण तथा सिफारिश समिति गठन गर्न नमिल्ने भन्ने निवेदन जिकीरको कुनै कानूनी आधार रहेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

इति संवत् २०७१ साल साउन १२ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** २०७०-WO-०९८४, उत्प्रेषण, *रामप्रसाद गजुरेल वि. मालपोत*

*कार्यालय, डिल्लीबजार काठमाडौंसमेत*

नापनक्सा र स्थलगत अवलोकन गरी सबूद प्रमाणको आधारबाट कि.नं. ३९३ को ०-१-१-० जग्गा साविक कुलोको तर्फ श्री ५ को सरकारको नाममा कायम गर्नुपर्ने भन्नेसमेतको व्यहोरा उल्लेख गरी पेश भएको टिप्पणी मालपोत कार्यालयबाट ०५४।३।१ मा सदर भएको देखिन्छ । विवादित जग्गा सार्वजनिक कुलो र बाटोको जग्गा होइन निजी हो यसर्थ ती निर्णयहरू तथा निजी दर्ता कायम गरेको समेतको कामकारवाही बदर गरी सार्वजनिक कायम गरिपाउँ भन्नेतर्फ प्रमाण राखी निर्णय दर्ता बदर गरी सार्वजनिक कायमका लागि फिरादपत्र दिई प्रभावकारी र सक्षम उपचारको अवलम्बन गर्न निवेदकलाई कुनै बाधा देखिँदैन । ती उपचारको अवलम्बन नगरी निर्णयमा रहेको तामेली शब्दलाई मात्र टेकी निवेदकले रिट उपचार खोजेको उपयुक्त भएन । यसरी प्रथम दृष्टिमा नै रिट निवेदन खारेजभागी देखिएकोले विपक्षीहरूबाट लिखित जवाफ माग्ने आदेश गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७१ साल साउन १२ गते रोज २ शुभम् ।

## रीत/बेरीत आदेश

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०७०-RE-०२४६, जबर्जस्ती करणी, *नेपाल सरकार वि. नागेन्द्रकुमार चौधरी*

प्रतिवादीले वारदातको दिन वीर अस्पतालमा भर्ना भएको भने पनि वीर अस्पतालले दिएको मिति २०७०।४।९ देखि भर्ना भई मिति २०७०।४।१५ मा डिस्चार्ज भएको भन्ने नदेखिएको भन्ने जवाफ आएको समेत पेश भएको देखिएकोले तत्काल प्राप्त प्रमाणबाट प्रतिवादी नागेन्द्रप्रसाद भन्ने नागेन्द्रकुमार चौधरी कसुरदार हो भनी विश्वास गर्नुपर्ने कारण विद्यमान देखिएकोले सप्तरी जिल्ला अदालतको मिति २०७०।८।२७ को आदेश बदर गरी प्रतिवादीलाई साधारण तारिखमा छाड्ने गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०७०।१०।२४ को आदेश मिलेको नदेखिएको बदर गरिदिएको छ । अब मुद्दाको सुनुवाइ हुँदा ठहरेबमोजिम हुने गरी हाललाई प्रतिवादी नागेन्द्रप्रसाद भन्ने नागेन्द्रकुमार चौधरीलाई पुर्पक्ष निम्ति थुनामा राखी कारवाही गरी प्रस्तुत मुद्दा छिटो किनारा गर्नू ।

इति संवत् २०७१ साल भदौ १३ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०७०-RE-०२७१, लागु औषध, *नेपाल सरकार वि. विनोद साह*

प्रतिवादीको साथबाट कोरेक्स ४३ वटा बरामद भएको देखिएकोले अधिरकारप्राप्त अधिकारीसमक्षको बयानसमेतको आधारमा मुलुकी ऐन, अदालती बन्दोवस्तको ११८(२) नं. बमोजिम प्रतिवादी विनोद साहलाई पुर्पक्ष निम्ति थुनामा राखी कारवाही गर्नुपर्नेमा सुरू महोत्तरी जिल्ला अदालतको मिति २०७०।६।१५ को आदेश बदर गरी धरौट लिई छाड्ने गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०७०।१०।२।५ को आदेश मिलेको नदेखिएकोले बदर गरिदिएको छ । अब प्रतिवादी निज विनोद साहलाई पुर्पक्ष निम्ति थुनामा राखी कारवाही गरी छिटो किनारा गर्नू ।

इति संवत् २०७१ साल भदौ १३ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्रगोपाल श्रेष्ठ,** ०७०-RE-०२७२, झूट्टा विवरण पेश गरी नागरिकता लिएको, *नेपाल सरकार वि. मुन्नाप्रसाद सोनी*

मुन्नाप्रसाद सोनीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानबाट निजले आफ्नो जन्म भारतमा भएको तर नेपाली नागरिकता लिएको कुरा स्वीकार गरेको देखिएको छ । अदालतमा बयान गर्दा दावी अस्वीकार गर्दै नेपालमा जन्मेको भने पनि कहाँ जन्मेको भन्ने तथ्य पुष्टि गरेको देखिँदैन । तत्काल प्राप्त प्रमाणबाट मुलुकी ऐन, अदालती बन्दोवस्तको ११८(२) नं. बमोजिम पुर्पक्ष निम्ति थुनामा राख्नुपर्नेमा सोबमोजिम थुनामा राख्ने आदेश नगरिकनै अ.बं. ११८(४) नं. आकर्षित गरेको समेत तथ्य एवम् कानूनी त्रुटिपूर्ण देखिएकोले मोरङ जिल्ला अदालतको मिति २०७०।९।२३ को आदेश बदर गरी निजलाई धरौट माग गरी तारिखमा छाड्ने गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०७०।११।१ को आदेश मिलेको नदेखिएकोले बदर गरिदिएको छ । अब मुलुकी ऐन, अदालती बन्दोवस्तको ११८(२) नं. बमोजिम पुर्पक्ष निम्ति निज मुन्नाप्रसाद सोनीलाई थुनामा राखी कानूनबमोजिम कारवाही एवम् किनारा गर्नुहोला ।

इति संवत् २०७१ साल भदौ १३ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-RE-०२७६, लागु औषध, *नेपाल सरकार वि. सञ्जयकुमार महतोसमेत*

बरामद कोरेक्स १०० एमएलको १०० थानको परिमाण सानो भन्न नमिल्ने र दशी बरामद भएको मौकाको मुचुल्कासमेत हेर्दा मुलुकी ऐन, अदालती बन्दोवस्तको ११८(२) नं. बमोजिम थुनामा राख्नुपर्नेमा धरौट लिई तारिखमा छाड्ने गरी सर्लाही जिल्ला अदालतको मिति २०७०।६।१६ को आदेश बदर गर्ने गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०७०।९।२५ को आदेश मिलेको नदेखिएकोले बदर गरिदिएको छ । अब पछि निर्णय गर्दा ठहरेबमोजिम हुने गरी प्रतिवादीहरू सञ्जयकुमार महतो र मुन्ना पाठक भन्ने अवधेश पाठकलाई पुर्पक्ष निम्ति थुनामा राखी कारवाही किनारा गर्नू ।

इति संवत् २०७१ साल भदौ १३ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-RE-०२११, ०७१-AP-००१६, लागु औषध (डाइजेपामसमेत), *प्रदीप श्रेष्ठ वि. नेपाल सरकार, सुभाष अर्याल वि. नेपाल सरकार*

अमृत फर्मा, प्रतिवादी प्रदीप श्रेष्ठको नाममा दर्ता भएको र प्रतिवादी सुभाष अर्याल उक्त अमृत फर्मामा काम गर्ने व्यक्ति भएको तथ्यमा विवाद रहेको देखिँदैन । डाक्टरको प्रेस्क्रिप्सन नभए पनि लागु औषधजन्य औषधी र मनोद्दीपक बिक्री गर्ने गरेको र सोको लगत नराखेको भन्ने तथ्यमा अमृत फर्माका मालिक प्रतिवादी प्रदीप श्रेष्ठ साबित नै रहेको देखिँदा तत्काल प्राप्त प्रमाणबाट निजलाई कसुरदार होइनन् भन्न नसकिने हुँदा त्यस अदालतबाट निजलाई थुनामा राखी पुर्पक्ष गर्ने गरी मिति २०७०।७।१५ मा भएको आदेश र पुनरावेदन अदालत, पाटनबाट सोलाई समर्थित गर्ने गरी भएको आदेश निज प्रतिवादीका हकमा मिलेकै देखिँदा कुनै परिवर्तन गरिरहनु परेन, कानूनबमोजिम गर्नू ।

प्रतिवादीमध्येका सुभाष अर्यालको हकमा विचार गर्दा निज रू.५०००।- महिनावारीमा त्यस अमृत फर्मामा काम गर्ने साधारण कामदार भएको देखिएको र निजले औषधि बिक्री गर्दा प्रेस्क्रिप्सन लिएर आउनेलाई बिक्री गरेको हुँ भनी अनुसन्धानको सिलसिलामा समेत बयान गरेको देखिँदा तत्काल प्राप्त प्रमाणबाट निज कसुरदार हुन् भन्न सकिने अवस्था हाल नदेखिँदा निजलाई काठमाडौं जिल्ला अदालतबाट थुनामा राखी पुर्पक्ष गर्ने गरी भएको आदेश र सोलाई पुनरावेदन अदालत, पाटनबाट रीतपूर्वककै मानी

भएको आदेश सो हदसम्म नमिलेको देखिँदा त्यस अदालतको मिति २०७०।७।१५ र पुनरावेदन अदालत, पाटनको मिति २०७०।११।९ को आदेश प्रतिवादी सुभाष अर्यालको हकमा बदर गरिदिएको छ । अब निज प्रतिवादी सुभाष अर्याललाई अन्य मुद्दाबाट थुनामा राख्न नपर्ने भए निजलाई प्रस्तुत मुद्दामा पुर्पक्षको लागि अ.बं.४७ नं. बमोजिम साधारण तारिखमा राखी कानूनबमोजिम गर्नुहोला ।

इति संवत् २०७१ साल भदौ २५ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-RE-०१६७, ०७१-RE-००१९, कर्तव्य ज्यान, *रीतादेवी मण्डल वि. नेपाल सरकार, नेपाल सरकार वि. अनितकुमार यादव*

प्रतिवादीहरूले अदालतमा बयान गर्दा कसुरमा इन्कार रहे पनि अनुसन्धानको सिलसिलामा प्रतिवादी रीतादेवी मण्डल आरोपित कसुरमा साबित भएकी र प्रतिवादी अनितकुमार यादवलाई किटानी पोल गरेकी तथा प्रतिवादी अनितकुमार आरोपित कसुरको षड्यन्त्रमूलक योजनामा संलग्न रहेको भनी अनुसन्धानमा साबित रहेको तत्काल प्राप्त प्रमाणहरूबाट देखिँदा त्यस अदालतबाट दुबै प्रतिवादीहरूलाई पुर्पक्षको निमित्त थुनामा राख्ने गरेको आदेश मिलेकै देखिएकोमा प्रतिवादी अनितकुमार यादवको हकमा पुर्पक्षको लागि अ.बं.४७ नं. बमोजिम तारिखमा राख्ने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०७०।६।३ मा भएको आदेश सो हदसम्म बेरीतको देखिँदा सोही हदसम्म उक्त आदेश बदर गरिदिएको छ, त्यस अदालतबाट प्रतिवादी रीतादेवी मण्डल र अनितकुमार यादवको हकमा भएको थुनछेक आदेश बेरीतको नदेखिँदा कानूनबमोजिम गर्नू ।

इति संवत् २०७१ साल भदौ ११ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-RE-००४४, सङ्गठित अपराध, *थानेश्वर थापा वि. नेपाल सरकार*

निवेदक प्रतिवादीले कसुर गरेकोमा इन्कार भै सुरू अदालतमा बयान गरेको, निज घटनास्थलमा रहेको भन्ने भनाइ जाहेरवालादेखि बुझिएका व्यक्तिसमेतको कागजबाट नदेखिएको, निजी दर्ताको जग्गामा भएको घर टहरा भत्काउने कार्य गरेको भन्नेसम्मको अवस्था प्रतिवेदनसाथ पेश भएका प्रमाणित फोटोकपीहरूबाट देखिएको स्थितिमा निवेदक प्रतिवादीलाई मुद्दा पुर्पक्षका निम्ति थुनामा राख्ने गरेको सुरू रूपन्देही जिल्ला अदालतको मिति २०७१।०२।२९ को आदेश र सो आदेशलाई सदर गर्ने गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०७१।०४।१५ को आदेश मिलेको नदेखिँदा बेरीतको देखिई बदर गरिदिएको छ । अब निज निवेदक प्रतिवादी थानेश्वर थापालाई पनि अ.बं. ११८ को देहाय ५ र १० नं. बमोजिम रू. ३,००,०००।- (तीन लाख) नगद वा जेथा जमानत दिए लिई अ.बं. ४७ नं. बमोजिम तारिखमा राखी अरूमा कानूनबमोजिम गर्नू ।

इति संवत् २०७१ साल भदौ २५ गते रोज ४ शुभम् ।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७१-WO-००७३, उत्प्रेषण, *काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २ लाजिम्पाटमा रजिष्टर्ड कार्यालय रहेको रक इन्टरनेशनल प्रा.लि.का तर्फबाट अख्तियारप्राप्त भई आफ्नो हकमासमेत कौशल सिलवालसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले विद्युतीय मेशिन वा

उपकरणबाट खेलाइने मनोरञ्जनात्मक खेल सञ्चालन गर्न पाउने गरी क्यासिनो नियमावली, २०७० लागू हुनुअघिबाट नै कम्पनी रजिस्ट्रारको कार्यालयबाट कम्पनी दर्ता गराई व्यवसाय सञ्चालन गरी आएको र उक्त व्यवसाय सञ्चालन गर्न पाएको अनुमतिपत्र मिति २०७०।४।७ मा लागू भएको क्यासिनो नियमावली, २०७० बमोजिम पुनः दर्ताको लागि निमय ३७ बमोजिम अनुसूची ३ को ढाँचामा २०७०।१२।२१ मा तोकिएको दस्तूरसहित निवेदक कम्पनीले निवेदन दिएको भन्ने निजको निवेदन लेखबाट देखिन्छ । निवेदकको उक्त निवेदन क्यासिनो नियमावली, २०७० को नियम १३(२) बमोजिम समितिमा पठाइ विधिवत् कारवाही गर्नुपर्नेमा समितिमा नपठाई नियम ३७(२) बमोजिम स्वतः खारेज भएकाले व्यवसाय बन्द गर्नु भनी विपक्षी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको च.नं. ४५०८ मिति २०७१।१।५ को पत्रबाट निवेदक कम्पनीलाई जानकारी दिएको देखिन आउँछ । यी निवेदक कम्पनीले तोकिए अनुसारको दस्तूर रकमसमेत दाखिला गरेको अवस्थामा कुनै कागजात नपुग भएमा त्यस्ता नपुग भएका कागजहरू पेश गराउन लगाई नियम १३(२) बमोजिम समितिमा पेश गरी समितिले निर्णय गर्नुपर्नेमा सो नगरी विपक्षी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले उक्त समितिमा नपठाई आफैंले निर्णय गरेको उक्त २०७१।१।५ को पत्रबाट देखिएकोले उक्त निर्णयमा अधिकारक्षेत्र र कार्यविधि कानूनको उल्लङ्घन भएको देखिन आउँछ । साथै क्यासिनो नियमावली, २०७० को वैधानिकताको सम्बन्धमा निवेदक ह्याप्पी आवर प्रा.लि. का अधिकारप्राप्त सञ्चालक सुरेन्द्रबहादुर सिंहले ०७०-WS-००१९ को उत्प्रेषणको रिट निवेदन दिई यस अदालतमा विचाराधीन रहेको समेत परिप्रेक्ष्यमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको उक्त २०७१।१।५ को निर्णयमा अधिकारक्षेत्रात्मक र कार्यविधिगत त्रुटि रहेको भन्ने प्रथम दृष्टिमा नै देखिन आएकोले उक्त कानूनको उल्लङ्घन गरी गरिएको उक्त त्रुटिपूर्ण निर्णय र पत्रबाट निवेदकलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३) १८ समेतद्वारा प्राप्त हकमा आघात पुग्ने र अपूरणीय क्षति हुनुका साथै सुविधा सन्तुलन (Balance of Convenience) को दृष्टिबाट निजलाई मर्का पर्ने हुँदा निवेदकले मिति २०७०।३।२७ मा नवीकरण दस्तूर बुझाएको काँकडभित्ता र भैरहवास्थित निवेदकको मनोरञ्जनात्मक उद्योगको हकमा सम्म उक्त मिति २०७१।१।५ को निर्णय र सोसम्बन्धी पत्र प्रस्तुत रिटको टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु, नगराउनु, निवेदकलाई यथावत पेशा, रोजगारी र व्यवसाय सञ्चालन गर्न दिनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल भदौ १३ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०७१-WO-००८५, उत्प्रेषण, *संरक्षकसमेत जवाहिर खाँ पैठान वि. पुनरावेदन अदालत, हेटौंडासमेत*

निवेदकले तारिख गुजारेको वा नगुजारेको र थाम्ने थमाउने म्याद बाँकी रहे नरहेको भन्ने कुरामा निरूपण गर्नुपर्ने हुँदा अर्को आदेश नभएसम्म बारा जिल्ला अदालतमा कारवाहीयुक्त अवस्थामा रहेको मु.नं. ०६९-CR-०९५४ को लिखत बदर मुद्दाको कारवाही स्थगित गर्नु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल भदौ १५ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली,** ०७१-WO-०१४९, उत्प्रेषण, *नानीराम हुमागाईं वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले उल्लेख गरेको भनिएको Facebook को व्यहोरा र सशस्त्र प्रहरी नियमावली, २०५७ को नियम ८७ को व्यवस्था तथा सोही नियमावलीको नियम ८९ को व्यवस्था हेर्दा निलम्बन गर्ने आधार मिलेको छ छैन भन्ने कुरा हेरिनुपर्ने हुन्छ । यी निवेदकले दिएको स्पष्टीकरणमा Facebook को कुरालाई इन्कारी गरेको अवस्थामा निजलाई निलम्बन गर्ने आधार प्रथम दृष्टिमा नै कानूनको प्रतिकूल हो भन्ने देखिन आएकोले निवेदकलाई निलम्बन गर्ने मिति २०७१।४।१५ को पत्रलाई हाल कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम यो अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल भदौ १९ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली,** ०७१-WO-०१५५, उत्प्रेषण, *पायोनियर नेपालको अधिकारप्राप्त प्रोपाइटर कुसुमलता गुप्ता वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत*

निवेदकको हक स्वामित्वको विभिन्न कित्ता जग्गाहरूलाई नैं स्वीकृत गरी कित्ता नं. ५२३ को जग्गा कायम हुन आएको भन्नेमा विवाद देखिँदैन । कित्ता नं. ५२३ को जग्गा एकीकृत गर्ने भनेको निजको साविक स्रोतकै आधारमा हुने भएको र त्यसैभित्र कुलो कित्ता नं. १४८ को जग्गा सार्वजनिक कुलो हो भन्ने मालपोत कार्यालयको आदेशबाट देखिँदा उक्त कि.नं.१४८ बाहेकको अन्य निवेदकको निर्विवाद हकभोग स्वामित्वको जग्गामासम्म यी निवेदकले उपभोग गर्न, त्यसमा उद्योग व्यवसाय गर्न रोक लगाउने कार्य नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम प्रस्तुत मुद्दाको टुङ्गो नलागेसम्मको लागि यो अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल भदौ १९ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** २०७१-WO-०१९१, उत्प्रेषण, *रतिशचन्द्रलाल सुमन वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गालसमेत*

Air Operator Certificate जारी गर्ने अधिकार निवेदकसमेतको कार्यालयलाई नभएको, निवेदक केवल सदस्यसम्म रहेकोमा अन्य सदस्यलाई भन्दा पृथक सजाय गर्ने गरी प्रस्ताव गरिएको, प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(क) मा अन्य कारवाहीका लागि लेखी पठाएको व्यवस्था भएकोमा सो विपरीत विभागीय कारवाही गर्नका लागि पठाइएको पत्रबाट निवेदकलाई विभागीय कारवाहीको लागि गरिएको कारवाहीहरू प्रथम दृष्टिमै त्रुटिपूर्ण देखिएकोले निवेदकलाई हुनसक्ने क्षतिसमेतलाई विचार गरी सुविधा र सन्तुलनको दृष्टिकोणले निवेदकको मागबमोजिम यो निवेदनको टुङ्गो नलागेसम्म अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७१।१।२९ को निर्णय, सो निर्णयबमोजिम मिति २०७१।२।४ को पत्र र सो पत्रको आधारमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको निर्णय र सो निर्णयको आधारमा जारी गरिएको क्रमशः च.नं. २७२ २८६ २८७ का पत्रहरू कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल भदौ ३० गते रोज २ शुभम् ।